संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

*यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक*

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
**विश्व स्वतन्त्र संचार**
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३




हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क १०, २०८३ पूर्णाङ्क २४२

## असार २०८३

| | | | | | |
|---|---|---|---|---|---|
| सोमबार | १ | ८ | १५ | २२ | २९ |
| मङ्गलबार | २ | ९ | १६ | २३ | ३० |
| बुधबार | ३ | १० | १७ | २४ | ३१ |
| बिहिबार | ४ | ११ | १८ | २५ | गौरी |
| शुक्रबार | ५ | १२ | १९ | २६ | गौरी |
| शनिबार | ६ | १३ | २० | २७ | गौरी |
| आइतबार | ७ | १४ | २१ | २८ | गौरी |

# संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः...

यो कुरा ऋषिलाई थाहा थिएन, किनकि उनी प्रायः ध्यानमा लीन रहन्थे । सिपाहीहरू डाँकुलाई पछ्याउँदै ऋषिको आश्रममा आइपुगे । उनीहरूले ध्यानमा बसेका ऋषिलाई जगाउँदै- 'यता डाकुहरूले चोरीको सामान लिएर आएका छन् ?' भनेर सोधे । ऋषिले आफूले नदेखेकाले 'छैनन्' भने । शङ्का लागेर आश्रमभित्र गएर हेर्दा मालतालसहित डाँकुहरू भेटिएपछि 'डाँकुका सरदार त यिनै पो रहेछन् भनेर सिपाहीहरूले अन्दाज गरेछन् । साधुको भेष धारण गरेर डकैती गर्ने ?' भन्दै ती सिपाहीले उनलाई पाता कसेर राजाको दरबारमा हाजिर गराए । सिपाहीबाट सबै बेलिविस्तार सुनेपछि राजाबाट डाकुका सरदार भनिएका ऋषि माण्डव्यलाई शूलीमा चढाउने सजाय दिइयो । शूलीमा चढाए पनि उनलाई कुनै असर परेन । योगबलले गर्दा उनी मरेनन्, कुनै दुःख पीडाको पनि अनुभव नगरेको देख्दा वरपरका ऋषिहरूले यो कुरा थाहा पाएर त्यहाँ आई ऋषिको सेवा सुश्रूषा गर्न लागे । विस्तार विस्तार यो कुरा राजालाई थाहा भयो । राजा दौडदै ऋषिकहाँ पुगे । यतिका दिन खानु न पिउनु हुँदा पनि बाँचेको देखेर राजालाई बल्ल थाहा भयो । यिनी त ठूला ऋषि महात्मा पो रहेछन् । आफ्नो गल्तीले गर्दा यिनलाई अन्याय भएछ । यत्रो ठूलो सजाय यिनले पाएकोले 'ठूलो अनर्थ भयो' भनेर ऋषिलाई तत्कालै शूलीबाट उतार्न लगाएर पाउमा परी क्षमा मागे ।

शूलीबाट उतारेपछि ऋषि सरासर धर्मदेव भए ठाउँ गएर सोधे- 'हे धर्मराज ! मैले के पाप गरेको थिएँ र यस्तो सजाय भोग्न पर्‍यो' भन्दा धर्मराजले भन्नुभयो- 'तिमीले सानो छँदा चराचुरूङ्गी, किरालाई दुःख दिएका थियौ । त्यसैको फल भोग्नुपर्‍यो । उड्ने पखेटा भएको कुनै किरालाई पुच्छरमा घाँसको त्यान्द्रोले घोचेर उसलाई दुःख दियौ । त्यसैको अपराधमा तिमी पनि शूलीमा उनीएर बस्नु परेको हो ।' धर्मदेवबाट यस्तो कुरा सुनेर ऋषि माण्डव्यलाई साह्रै रिस उठ्यो । 'बालक अवस्थामा गरेको सानुतिनु पापको यति ठूलो सजाय ? अहो यो हुनै नसक्ने कुरा ? त्यसैले हे धर्मराज ! म तिमीलाई श्राप दिन्छु । एकदिन तिमी पनि मर्त्यलोकमा जन्म लिई राग, द्वेष, कलङ्क, पीडा आदि भोग्दै बाँच्नुपरोस् ।' माण्डव्य ऋषिको त्यही श्रापले गर्दा विचित्रवीर्यकी रानी अम्बिकाकी दासीको कोखबाट धर्मदेवको जन्म भयो । उनी पछि गएर महात्मा विदुरका नामले प्रख्यात भए ।

विदुर सम्पूर्ण शास्त्रका ज्ञाता, विशेषगरी राजनीति शास्त्रमा दखल राख्दथे । यो देखेर युवावस्थामा नै भीष्म पितामहले हस्तिनापुरका राजा धृतराष्ट्रको प्रधानमन्त्रीमा नियुक्त गरे । दुर्योधनले भाइभाइ बसेर जुवा खेल्ने प्रस्ताव महाराज युधिष्ठिरलाई पठाउन आफ्ना बाबुसंग आदेश लिन खोज्दा त्यतिबेला विदुरले राजा धृतराष्ट्रलाई 'यो कुरामा स्वीकृति नदिनुहोस्' भनी रोक्न खोज्दै उनले 'महाराज ! भोलि गएर यसैबाट भाइ भाइमा ठूलो वैरभाव हुन्छ र कुलको नाश हुन्छ' भनेर धेरै सम्झाए । तर राजा धृतराष्ट्रले छोराको कुरा टार्न सकेनन् र अन्तमा कौरव पाण्डवको झगडाले महाभारतको युद्ध भई विनाश निम्त्यायो । धन, सम्पत्ति एवं बन्धु, बान्धवको कुनै भाउ रहेन । जसरी डढेलोले के पारिजात के अँगेरको बोट छुट्याउँदैन त्यसै गरी महाभारतको युद्धको लपेटोमा सबै स्वाहा भए ।

**पाँच पाण्डवको जन्म**

हस्तिनापुरका राजा पाण्डुलाई शिकार खेल्ने इच्छा भएछ । शिकार खेल्नका लागि जङ्गलमा गए । शिकार खोज्दै जाँदा केही पर एक जोडी मृग खेलिरहेको देखे । तिनै मृगलाई ताकेर राजाले वाण छोडे । तर ती खासमा किंदम नाम गरेका ऋषि मृगको रूपमा आफ्नी पत्नीसँग रतिविहार गरिरहेका थिए । वाण गएर मृगरूपी ऋषिको छातीमा गाडियो, पीडाले छट्पटिएका ऋषिले मर्ने वेलामा पाण्डुतर्फ हेरेर श्राप दिदै भने- 'हे हस्तिनापुर नरेश पाण्डु ! जसरी तिमीले मलाई आफ्नी पत्नीसँग रतिविहार गरेको बेलामा मर्न वाध्य बनायौ, तिम्रो मरण पनि मेरोजस्तै हुनेछ ।' क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल, भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

# सम्पादकीय

**पशुपतिको प्राथमिकता**

पशुपतिको प्राथमिकता

पशुपति क्षेत्र विकास कोष अहिले नेतृत्व विहीन अवस्थामा पुगेको छ । हालै सरकारले ल्याएको □सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्वन्धी विशेष व्यवस्था अध्यादेश□ २०८३□का कारण निवर्तमान पदाधिकारी एवम् सदस्यहरु पदच्यूत भएका र नयाँ नियुक्ति समेत नगरिएकोले अहिले कोषमा सञ्चालक समितिमा रिक्तता भएको हो ।

स्थापनाको चार दशक पार गर्नेलाग्दा पशुपति क्षेत्र विकास कोषका विगतका कार्यहरु सन्तोषजनक मान्न सकिने अवस्था छैन । कोषको मूल उद्देश्य यहाँका मूर्त एवम् अमूर्त सम्पदाको संरक्षण सम्वर्द्धन गर्नु नै हो तर समयको अन्तरालसँगै जीर्ण भएका अनेकौं सम्पदाहरु लोपोन्मुख अवस्थामा पुगेका छन् । खासगरी मृगस्थली र विश्वरुप मन्दिर परिसरका मन्दिर र सत्तलहरु केवल भग्नावशेषका रुपमा रहेका छन् भने पशुपति परिसरकै बज्रघर र पञ्चदेवल समेत संरक्षणको अभावमा ढल्ने अवस्थामा पुगेका छन् ।

मूर्त सम्पदामात्रै होइन अमूर्त सम्पदाहरु पनि लोप हुँदै गएका छन् । चार दशकभन्दा बढी समयदेखि बन्द भएको वाग्मती यात्रालाई डा. प्रदीप ढकाल सदस्य सचिव भएको समयमा दुई वर्ष चलाइएको भए पनि पछिल्ला वर्षहरुमा कोषले त्यसलाई निरन्तरता दिन सकेको छैन । सप्तमी श्राद्ध, जङ्गबहादुरको श्राद्ध जस्ता परम्परागत संस्कार पनि पछिल्ला वर्षहरुमा लोप हुन लागेको छ ।

पशुपति क्षेत्रका मूर्त एवम् अमूर्त सम्पदाको संरक्षण गर्न दीर्घकालीन योजना बनाउनु नितान्त आवश्यक छ । कोषले भन्दै आएको गुरुयोजनालाई पुनर्लेखन या संशोधन गरी संम्पदा संरक्षणका स्पष्ट खाका तयार पारिनु पर्दछ । जवसम्म पशुपति क्षेत्र विकास कोषले यस क्षेत्रका मूर्त एवम् अमूर्त सम्पदाको संरक्षण गर्न पूर्ण प्रतिवद्ध हुन सक्दैन तवसम्म कोषको औचित्य पुष्टि हुन सक्दैन । पशुपति क्षेत्रमा नयाँ संरचनाको निर्माण आवश्यक छैन । तसर्थ अब आउने पदाधिकारीहरुले यस क्षेत्रका मूर्त एवम् अमूर्त सम्पदाहरुको संरक्षणमा विशेष योजना ल्याइ पशुपतिनाथ लगायत यहाँका मठमन्दिरको पूजापाठ विधि, परम्परा र मर्यादा कायम राख्दै यस क्षेत्रको सफाई र सुरक्षामा विशेष ध्यान दियोस् यसैमा सबैको कल्याण छ । अस्तु,

## यसभित्र


अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

श्रीकृष्ण वन्दना — अ — ४

गीताज्ञान

ज्ञान ..... — आचार्य खेमराज केशवशरण — ५

विशेष

धार्मिक शिक्षा — प्रा. शिवगोपाल रिसाल — ७

भावानुवाद

विदुर नीति — कविप्रसाद प्याकुरेल — १०

आध्यात्मिक वार्ता

श्रीरामकृष्ण र ... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ११

विश्लेषण

गायत्रीमन्त्रमा अधिकार — पं. वेदप्रसाद पन्त — १३

खोज

नटारम्वेश्वर.. — आचार्य सुरज कौण्डिन्य पराजुली — १८

समसामयिक

श्रीस्वस्थानीव्रत.. — सहप्रा. डा. बिनु बाबा अर्याल — २१

अध्यात्म

मानव शरीर र.. — भागवतश्री न्यौपाने — २५

प्रेरक प्रसंग

अर्जुनको वध.... — प्रेममान डंगोल — २८

रहस्य

आस्था, अतिक्रमण.... — जलद वैद्य — २९

स्वास्थ्य

अन्न(खाना).... — युवराज तिमल्सिना — ३१

गतिविधि — ३४



# आनन्दधारा बहोस् !

धर्मानन्द भारवि

बाँचेको छु जसोतसो किसिमले यो घोर संसारमा
साँचेको छु जसो गरी हृदयमा श्रद्धा सधैं साथमा ।
सम्झेको छु मभित्र नै सुझ हुँदा सङ्केत छन् सुन्दर
बोलेको छु कतै कुनै समयमा सच्चाइ क्यै हैन र ?

बोली सुन्दर भो भने भुवनका मान्छेहरू राख्छु म
बोली जर्जर भो भने भुवनका मान्छेहरू त्याग्छु म ।
बोलीमै अनमोल रत्न जति छन् अन्यत्र छैनन् हकि
बोलीले, मनले र कार्यवशले सप्रिन्छ यो जिन्दगी ॥


यै छाया छविचित्र चित्रण गरे हुन्छौ कि झन् लेखक !
निष्पापी हुनुमै रहेछ नि भलो रोज्दै छु पैलो हक ।
छोडूँ नाटक गर्न प्यारवशमा हिड्ने गरूँ- स्वर्ग छ
गोडूँ यै मनका नि झार जति छन् सम्भावना दिव्य छ ॥

रोजेको छु नि भित्रदेखि म सधैं सच्चाइ यो खोल्छु म
सच्चा भाव स्वभावमै छ दिलमा सन्देश क्यै दिन्छु म ।
होस् संश्लेषण सत्यवान् पुरुषको खोजी गरी हिड्दछु
भेटिन्छन् नि जहाँ-जहाँ जब सती श्रद्धा निकै गर्दछु ॥

साँचेको छु अनन्त प्यार दिलमा दुर्भावना दूर छन्
कल्पेको छु स्वभावसिद्ध बलले सद्भावका मूल छन् ।
मीठो बोल अवश्य बोल्नु छ सधैं सम्बन्ध गाढा रहोस्
छोटो जीवनभित्र नै गहकिलो आनन्दधारा बहोस् ॥ ❖

-गुल्मी हर्मिचौर हाल काठमाडौं

## गीता चौथो अध्यायः
# ज्ञान कर्मसंन्यासयोग



–आचार्य खेमराज केशवशरण

पवित्राणाय साधूनां विनाशाय च दुष्कृताम्
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

**अन्वय–** साधूनां परित्राणाय दुष्कृतां विनाशाय च धर्मसंस्थापनार्थाय युगे संभवामि ।

**सरलार्थ–** भगवान्‌ले साधुहरूको परित्राण र दुष्टहरूको विनाश गर्न आफू अवतार ग्रहण गर्ने कुरा बताउनुभयो । यहाँ बुझ्नुपर्ने कुरा साधु भनेर कस्तालाई र दुष्ट भनेर कस्तालाई लिने ? साधु शब्द भन्नासाथ दुनियामा सर्वसाधारणले बुझ्ने गरे भैँ जटा पलकल धारण गर्ने अनेकथरी तिलक छायाँ र पहिरन भएको भनेर सम्फिने होइन । त्यो त बाहिरको कुरा भयो । शास्त्रको निर्देश अनुसार जो नित्य भगवत साधनामा समर्पित छन्, जो परमात्माको ध्यान जप चिन्तन कीर्तन जस्ता साधनामा सधैँ संलग्न रहन्छन् जगत्को भलाई नै जसको स्वभाव हुन्छ त्यस्तालाई साधु शब्दले बुझाउँदछ ।

अज्ञान, पाप, कलुष जस्ता सामाजिक विकृतिहरूको निवारण गरेर आफ्नो सदाचारी सुकृतमय जीवनद्वारा धर्मको संस्थापनामा प्रत्यक्ष योगदान पुऱ्याउने सन्त सत्पुरूषहरूको रक्षा भएमा धर्मकै रक्षा हुनेहुनाले भगवान्‌ले आफ्नो अवतारको पहिलो लक्ष्यका रूपमा यसलाई उल्लेख गर्नुभएको छ । दुष्कर्म गर्ने दुष्ट दुर्जन अत्याचारी पापाचार्यहरू अधर्म, पाप, कलुश बढाएर धर्तीका लागि बोझ बन्न पुग्ने हुँदा त्यस्ता जनजीवनलाई सताउने दुष्टहरूको विनाशबाट दुर्जनहरूको निवारण हुने हुनाले भगवान्‌ले त्यसलाई पनि यहाँ आफ्नो अवतारकृत्यका रूपमा बताउनुभएको छ । सज्जनताको रक्षासँगै दुर्जनहरूको निवारण पनि नगरी धर्मको पुनर्उद्धार हुन नसक्ने हुनाले भगवान्‌ले त्यसलाई प्रधान लक्ष्यका रूपमा बताउनुभएको छ । भगवान् धर्मको संरक्षण र सम्बर्धनको प्रयोजनका लागि अवतार लिनुहुन्छ ।

अवतारहरू अंशावतार, कलावतार, विशेषावतार, आषेशावतार, पूर्णवतार आदि अनेकौं भेदहरूमा विभाजित छन् । जुन बेला जतिसम्मको आवश्यकता पर्दछ त्यसबेला त्यतिसम्म नै सम्पन्न गर्न सकिने गरी उहाँ अवतार लिनुहुन्छ । अवतारको सम्बन्धमा बुझ्नुपर्ने सूक्ष्म कुरा यस प्रकारको छ । वस्तुतः यो सम्पूर्ण विश्व नै भगवान्का विभिन्न अंश, कला र विभूतिहरूद्वारा सञ्चालित छ । जीवात्मा स्वयं नै पनि भगवान्‌को अंश हो । परा प्रकृति हो र ब्रह्मा पनि हो ।

जीवात्मा कल्पहरूको क्रमिक विकास यस प्रकार बताइएको छ– टुसामुना र अङ्कुर हुँदै बढ्दै जाने उद्‌भिज यौनिक प्राणीका १ कला, पसिनाहरूबाट पैदा हुने जुम्रा उपिया आदि स्वेदज प्राणीमा २ कला, फुल फुटेर पैदा हुने अण्डज योनिका प्राणीहरूमा ३ कला र गर्भाशयमा जेलिएर पैदा हुने जरायुज योनिका प्राणीमा ४ कला एवम् सामान्य मनुष्य जीवनमा ५ कला हुन्छन् । आफ्नो उदात्त चिन्तन आदर्श व्यवहार र लोककल्याणमा समर्पित मङ्गलकारी व्यक्तित्वद्वारा विश्वको कल्याणमा योगदान पुऱ्याउने विशिष्ट विभूतिहरूमा भगवान्का आठ कलासम्म विकसित हुने गर्दछन् । मानव समाजमा धार्मिक आध्यात्मिक एवम् नैतिक मूल्य मर्यादाहरूको प्रतिष्ठापनमा योगदान पुऱ्याउने तिनै विशिष्ट विभूतिहरू हुन्छन् । यस्तै महामना कल्याणकारी विशिष्ट विभूतिहरूद्वारा मानवको रक्षा हुन्छ ।

जब यसभन्दा माथिको विशेष शक्तिसम्पन्न अवतार ग्रहण नगरी आसुरीवृत्तिको शमन सम्भव नहुने हुन्छ । त्यसबेला भगवान् आठ भन्दा बढी कलावतार ग्रहण गरेर प्रकट हुनुहुन्छ । नौ कलासम्मको अवतार अंशावतार, कलावतार, अषेशावतार आदि नामबाट मानिने अवतारहरू हुन् । १२ र सोभन्दा माथिका कला लिएर स्वयं भगवान् स्वरूप रूपमा अवतीर्ण हुनुहुन्छ । पूर्णरूपमा १६ कला लिएर जब भगवान् प्रकट हुनुहुन्छ, त्यस्तो अवतारलाई पूर्णवतार भनिन्छ । जगत्‌गुरू महर्षी वेदव्यासको कथन अनुसार अन्य विविध अवतारहरू अंशावतार र कलावतार



हुन् । भगवान् पुरूषोत्तम श्रीकृष्णका रूपमा चाहिँ पूर्ण(वतार स्वयं भगवान् प्रकट हुनुहुन्छ । उपनिषादि ग्रन्थह(रूको निर्देश अनुसार प्रभुको श्रीराम अवतार पनि पूर्णवतार भित्रै मानिएको छ । श्रीमद्भागवतको निर्देश अनुसार भग(वान्का अवतारहरू गनेर नसकिने छन् । परिपूर्णतम भग(वान् वासुदेवबाट समयसमयमा गनेर नसकिने अवतारहरू प्रकटित हुन्छन् । जसरी एउटा विशाल परिपूर्ण सरोवरमा सयौँ हजारौँ अनगिन्ती मूल फुटी रहन्छन् ।

अवतारा ह्यसंख्येया हरे सङ्क्वर्निधेर्षिगा
यथाविदासिनः कल्या सत्सर्वेसुहहस्त्रश ।

(श्रीमद्भागवत १/३/२६)

भगवान्का नाम रूप लीला र धाम अनन्त भए जस्तै उहाँका अवतार पनि अनन्त छन् । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । आम पाठकहरूको माग एवम् रूचीलाई मध्यनजर गरी पछिल्ला समयमा उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।) ❖

## असार महिनाका पर्व तथा विदा

१ गते अधिकमास समाप्ति/मिथुन सङ्क्रान्ति/सोमबारे औंसी/मत्स्यनारायण मेला समाप्ति
६ गते सिथि नखः/कुमारषष्ठी
७ गते रवी सप्तमी व्रत/विश्व योग दिवस/संगीत दिवस
८ गते गोरखकाली पूजा/वायु अष्टमी
११ गते निर्जला एकादशी व्रत/तुलसीको दल राख्ने दिन/भूमी पूजा
१२ गते अन्तर्राष्ट्रिय लागू पदार्थ तथा अवैध तस्करी विरूद्ध दिवस
१३ गते शनि प्रदोष व्रत
१५ गते दहीचिउरा खाने दिन/राष्ट्रिय धान दिवस/ज्याः पुन्हि/कवीर जयन्ती
१८ गते विश्व खेलकुद पत्रकार दिवस
२३ गते गोरखकाली पूजा
२४ गते बुधाष्टमी व्रत
२६ गते योगिनी एकादशी व्रत (स्मार्तहरूको)
२७ गते योगिनी एकादशी व्रत (वैष्णवहरूको)/विश्व जनसंख्या दिवस
२८ गते प्रदोष व्रत
२९ गते भानु जयन्ती ।


नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) को


'नीति विमर्श' शृङ्खला अन्तर्गत

नेपाल-भारत सम्बन्ध नीति विशेष कार्यक्रम

प्राइम टेलिभिजनमा प्रत्येक महिनाको पहिलो र तेस्रो सोमवार

रात्रि ९:00 बजे हेर्न नछुटाऔं ।

# धार्मिक शिक्षा



प्रा. शिवगोपाल रिसाल

विद्यार्थीहरूको चारित्रिक समुत्थान हुन्छ भने; शिक्षित समाज, समुदाय वा जगत्को चारित्रिक अभ्युदय हुन्छ भने शिक्षाको उद्देश्य पूर्ण भयो । अशिक्षित र शिक्षितमा चारित्रिक गुण विशेषमा पनि केही पार्थक्य आउन वाञ्छनीय देखिन्छ अन्यथा शिक्षित र अशिक्षितमा के नै अन्तर रह्यो र ? यसो भन्दैमा अशिक्षितको चाहिँ चरित्र नराम्रो शिक्षित, पठितको चरित्र राम्रो हुन्छ भन्न खोजिएको पटक्कै होइन । नपढेका मान्छेको पनि असाध्यै राम्रो, अनुकरणीय चरित्र हुन्छ । त्यसकारण आधुनिक शिक्षाबाट नै चारित्रिक समुत्थान होला भन्न सकिँदैन तथापि शिक्षित समुदायको चरित्र ह्रासोन्मुखी चाहिँ हुनु हुँदैन । यो पनि शिक्षक, अभिभावक र प्रबुद्ध वर्ग विशेषले अपेक्षा गर्ने कुरा हो ।

धार्मिक शिक्षा भन्नाले पाठ-पूजा, जप-तप, ध्यान-धारणा, यम-नियम आदि-आदि मात्र नभएर यी सम्पूर्ण कर्म विशेषबाट प्राप्त हुने फलस्वरूप चारित्रिक निर्माण, समुत्थान वा अभ्युदयका लागि सनातन हिन्दु धर्मअनुसार हाम्रो प्राचीन मान्यता र मर्यादा अनुरूपका क्रियाकलापलाई लिन खोजिएको छ ।

मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । यान्यस्माकं सुचरितानि तानि । त्वयोपास्यानि । नो इतराणि । (तैत्तिरीयोपनिषद् शीक्षावल्ली ११।२)

अर्थात् आमालाई देवताजस्तै मान । बाबुलाई देवतासमान मान । गुरूलाई देवतासमान मान । पाहुनालाई देवताजस्तै मान । हाम्रा असल चरित्रको अनुकरण गर । अरू कुराको होइन ।

धार्मिक शिक्षा भन्नाले सनातन हिन्दु धर्मले देखाएको चरित्र निर्माणसम्बन्धी कुराहरूलाई प्रत्यक्ष वा परोक्षरूपमा विद्यार्थीका जीवनमा आत्मसात् गराइदिनु हो । हाम्रो धर्म भन्छ– सत्यं वद । धर्म चर । अर्थात् सत्य बोल धर्म गर ।

यो कुरा विद्यार्थीलाई सामान्य-रूपमा सिकाउने मात्र होइन अपितु जीवनमा नै मिलाइदिने, जीवन सापेक्ष बनाइदिने । जीवनमा सदा-सर्वदा सत्यमात्र बोल्ने, असत्य कदापि नबोल्ने बानी बसालिदिने । यस्तै अर्काको उपकार गर्ने । प्राणी मात्रमा दया गर्ने । अर्काको वस्तुलाई अर्थात् पर द्रव्य(पैसा)लाई खोस्टा बराबर मानेर पटक्कै लोभ नगर्ने, सात्त्विक आहार खाने, सात्त्विक विचार गर्ने, आफ्नो देशका लागि मरिमेट्ने बानी बसाल्ने, सम्पूर्ण मानवप्रति बन्धुत्वको भावनाले हेर्ने, अरूको कदर गर्न जान्ने तुल्याउने आदि आदि धार्मिक शिक्षाका गुणहरू भएकाले यिनको अभ्यास गराउने । परब्रह्म परमात्मा ईश्वरप्रति, वेदप्रति, गाईप्रति, आफ्ना पूर्वजहरूप्रति प्रेम, भक्ति, आस्था, विश्वास बढाउने वातावरणको सिर्जना गराउने आदि नै धार्मिक शिक्षाका उद्देश्य हुन् ।

यो लोकमात्र होइन अर्को लोकमा पनि, यस जन्ममा मात्र होइन पूर्वजन्म र परजन्म आदिमा समेत विश्वास दिलाएर आत्मशान्ति, आत्मज्ञान गर्नु नै जीवनको सर्वोच्च उपलब्धि हो भन्ने कुराको ज्ञान गराइदिने पनि यस प्रकारको शिक्षाको उद्देश्य हो । यस्तै शिक्षाले नै वास्तवमा चरित्र निर्माण हुने भएकाले यस्तो शिक्षाको माध्यम उपयुक्त मानिएको हो । ईश्वर, आत्मा, पाप, पुण्य, धर्म, कर्म, भक्ति, योग, ध्यान, जप, पाठ, पूजा, त्याग, तपस्या, परोपकार, सत्यवादिता, कर्तव्यपरायणता, कौमार्य, पातिव्रत्य, वर्ण, आश्रम, तीर्थ, व्रत, नियम, निष्ठा, आहार, विहार, विचार, व्यवहार आदि-आदि विषयहरूमा विद्यार्थीहरूलाई समुचित ज्ञान दिलाएर तदअनुरूप आफ्नो दैनिक जीवनमा, विधि र व्यवहारमा उतार्न लगाउनु धार्मिक शिक्षाको मुख्य उद्देश्य

हो । गर्भाधान, पुंसवन, ब्रतवन्ध, विवाह आदि षोडश संस्कारको परिचय दिलाएर त्यहीअनुसार यथाशक्य व्यवहारमा ल्याउने प्रचेष्टा गराएमा पनि राष्ट्रिय चरित्र निर्माणमा यथायोग्य योगदान मिल्न जाने कुरामा शंका छैन ।

हामी साकार निराकार, सगुण, निर्गुण सबै प्रकारका देवताका उपासक भएकाले अधिकारीभेदले आफ्नो धर्म, संस्कृति, परम्पराअनुरूप, आफ्नो कुलायनअनुसार प्राचीन प्रचलन र परम्पराको मर्यादा राख्दै आधुनिक युगसँग पनि कति मात्रामा समन्वय कायम राख्न सकिन्छ ती विचार गरी विद्यार्थीहरूका मन, मस्तिष्कमा अर्काको निन्दा नगरेर, अरूको समुचित कदर र सम्मान गर्दै आफ्नामा अटल, दृढ र पूर्ण विश्वास दिलाउनु नै राष्ट्रिय चरित्रको संरक्षण एवं सम्बर्धनमा टेवा पुग्न जाने कुरामा विकल्प छैन ।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥ (गीता ३।३५)
श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥ (गीता १८।४७)

अर्काको धर्मभन्दा बडो राम्रोसँग आचरण गरिएको भए तापनि गुणरहित नै भए पनि आफ्नै धर्म अति उत्तम हो । त्यसैले अर्काको धर्म सदाकाल डरलाग्दो भएकाले आफ्नै धर्ममा मर्नु नै कल्याणकारक छ ।

विधि पुऱ्याएर काइदासाथ सम्पादन गरिएको भए तापनि अरूको धर्मभन्दा गुण नभए तापनि आफ्ना पूर्वजहरूले पालन गरेको आफ्नो धर्म अत्यन्त श्रेष्ठ हो । स्वभावैले नियत गरिएको स्वधर्मरूप कर्मलाई सम्पादन गर्ने मानिसलाई कहिल्यै पनि पाप लाग्दैन । आफ्नै धर्म, परम्परा, संस्कृतिका पृष्ठभूमिमा परिष्कृत भएको स्वाभाविक कर्मरूपी धर्म वा कुनै पापले हुँदैन । धर्मरूपी कर्मको सम्पादन गर्ने कर्मयोगी वा धार्मिक व्यक्तिलाई वेद, पुराण, रामायण, महाभारत, गीता, उपनिषद्, मनुस्मृति, आदि शास्त्र नै राष्ट्रिय चरित्र निर्माणका लागि आधारभूत ग्रन्थ हुन् । अनि हाम्रा वैदिक, पौराणिक, ऐतिहासिक ऋषि-मुनिहरूदेखि लिएर ठूलाठूला त्यागी, योगी, महात्मा, ध्यानी, भक्त, वीर, पुरूषार्थी, राजा, नेता आदि-आदिको चरित्रले नै राष्ट्रिय चरित्रको आदर्शको पाठ पढाइरहेका छन् । नेपाली माटोमा नेपाली चरित्रमात्र सुहाउँदो विषय होइन, धार्मिक चरित्र नै हाम्रो राष्ट्रिय चरित्र हो । किनभने यतो धर्मस्ततो जयः (जहाँ धर्म छ, त्यहाँ अवश्य विजय छ) धार्मिक चरित्रले आफ्नो व्यक्तिगत, परिवारगत, समाजगत र राष्ट्रगत अनि विश्वगत कल्याणमात्र गर्दछ । धर्मो रक्षति रक्षितः । (धर्मको रक्षा हामीले गर्यौं भने रक्षित धर्मले हाम्रो रक्षा गर्दछ ।)

त्यसैले पनि धार्मिक शिक्षाले चरित्र निर्माणपूर्वक राष्ट्रका नागरिकहरूको र राष्ट्रको रक्षा, कल्याण गर्ने कुरामा शङ्का छैन ।

चरित्रभ्रष्ट, शिक्षित, पठित नागरिकभन्दा बरू अशिक्षित, अपठित चरित्रवान् नागरिक नै राष्ट्रका सौभाग्य र गौरव भएकाले हामीले वर्तमान युगका सन्दर्भमा केवल शिक्षितको संख्यामात्र बढाउने प्रयत्न गर्नुभन्दा चरित्रवान् शिक्षितको संख्यामा गुणात्मक परिणाम ल्याउने प्रयत्न गर्नु बुद्धिमानी र हितकारक हुनेछ । वर्तमान प्रचलित शिक्षा प्रणालीमा न त धार्मिक भावनाकै समावेश गरिएको छ न त चरित्रनिर्माणको पक्षलाई नै ध्यान दिइएको छ । त्यसैले परिणाम पनि त्यस्तै आमाबाबुलाई नमान्ने, आदर नगर्ने अनि अनास्थावादी विद्यार्थी सिर्जना गर्ने काम भएको छ । त्यसैले आजको शिक्षित समुदायमा व्यापक भ्रष्टाचार, अनैतिक आचार, उच्छृङ्खलता, उद्दण्डता, अनुशासनहीनता आदि-आदि दुर्गुणले स्थान पाएको छ ।

यी सम्पूर्ण दुर्गुणहरूलाई हटाएर सद्गुणावलिको विकास गर्ने अर्थात् राष्ट्रिय चरित्र निर्माण गर्नका लागि धार्मिक शिक्षाको सर्वोपरि एवं निर्विकल्प भूमिका भएको कुरा निर्विवाद छ ।

धार्मिक शिक्षालाई समावेश गरी क्रमिकरूपमा राष्ट्रिय चरित्र निर्माण गर्न विभिन्न उपाय अवलम्बन गर्न सकिन्छ । जस्तै,

(१) प्राथमिक कक्षादेखि नै हिन्दुत्वमा आस्था जगाउने किसिमका कथाहरू, जीवनीहरू पढाउने ।
(२) हिन्दु आचार संहिता अनुरूपका क्रियाकलापहरूमा विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा संलग्न र सक्रिय बनाउने ।
(३) हिन्दु तीर्थ स्थलहरूको भ्रमण गराउने ।
(४) चारित्रिक उत्कर्षका आधारमा कक्षोन्नति गराउने ।
(५) मातृपितृभक्ति, गुरूभक्ति, ईश्वरभक्ति, देशभक्ति जस्ता कुरामा विशेष ज्ञान दिलाउने ।

(६) चरित्र निर्माणलाई प्रमुखता दिएर कक्षाको पढाइको मूल्यांकन गर्ने ।

(७) चारित्रिक उत्कर्षको मूल्यांकन गर्दा खानपान, रहनसहन, आहारविहार, विचार र व्यवहार आदि कुरा हेर्न यसका लागि सहभागी साथीहरूको प्रतिवेदन (भनाइ) लाई पनि ग्राह्यता दिने ।

(८) तिथि चाड, पर्व आदि अनुसार कर्म, उपासना आदि गराउने ।

(९) सेवा-शिविर सञ्चालन गरेर त्यसमा प्रशिक्षणपूर्वक काम गराउने ।

(१०) प्राथमिक कक्षादेखि माध्यमिक कक्षासम्म धार्मिक शिक्षालाई अनिवार्य गराउने र उच्च शिक्षामा ऐच्छिक विषयका रूपमा विकसित गर्दै जाने ।

(११) धार्मिक शिक्षामा राम्रो परिणाम निकाल्नेलाई राम्रो पुरस्कार दिने र चरित्र भ्रष्ट विद्यार्थीहरू अर्थात् नैतिक–धार्मिक शिक्षामा राम्रो गर्न नसक्नेलाई पहिले सप्रने मौका दिने र मौका दिँदा पनि वेवास्ता गर्नेलाई समुचित सजाय दिने व्यवस्था गर्ने ।

(१२) चरित्र निर्माणसम्बन्धी र राम्रो चरित्र भएका बालकहरूको जीवनीको विषयमा विस्तृत जानकारी दिने ।

(१३) विद्यालयमा धार्मिक वाद-विवाद, धार्मिक हाजिरी जवाफ, धार्मिक कविता गोष्ठी, धार्मिक निबन्ध प्रतियोगिता आदिको व्यवस्था गर्ने ।

(१४) गीता, रामायण र अन्य धार्मिक ग्रन्थका छानिएका अंशहरूको मूल नै पढाउने र त्यसको अर्थ बताइदिने ।

(१५) प्राथमिकदेखि माध्यमिक कक्षासम्मका विद्यार्थीहरूका निमित्त चुरोट, बिँडी, रक्सी आदि लागू पदार्थ खान पूर्ण मात्रामा निषेध गर्ने र चरित्र भ्रष्ट गराउने खालका र यौन उत्तेजना गराउने खालका चलचित्र नाटक आदिमा कानूनतः पूर्ण प्रतिबन्ध लगाउने ।

(१६) विद्यालयमा नै मनोरञ्जनको व्यवस्था गर्न धार्मिक नाटक आदिको प्रदर्शन गर्ने ।

(१७) धार्मिक शिक्षा दिने गुरूहरूको पनि चरित्र निर्विवाद हुनुपर्ने । गुरूको आचार-विचार र व्यवहारबाट नै धेरै कुरा सिकिने भएकाले गुरू अत्यन्त चरित्रवान् हुनुपर्ने नियम बनाइ लागु गर्ने ।

(१८) धार्मिक शिक्षालाई शिक्षाको पाठ्यक्रमको अभिन्न अंगका रूपमा विकसित गर्दै जानुपर्ने भएकोले यसको समुचित व्यवस्था गर्नका लागि नैतिक, चरित्रवान् एवं धार्मिक व्यक्तिहरू समावेश भएको एक धार्मिक शिक्षा व्यवस्था समितिको विधिवत् गठन गरी सुनियोजित एवं योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्नु व्यक्ति र राष्ट्रकै लागि कल्याणकारक देखिन्छ ।❖ –भैसेपाटी, ललितपुर


जय गौमाता !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरुले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं।
हरेक दिन गाईबाच्छाहरुका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरु र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरुलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।


**सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !**

**नन्दी सेवा स्थल**

**मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान**

**फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६**

# विदुर नीति



-कविप्रसाद प्याकुरेल

भगवान् तथा भक्त तथा अनन्य सेवक ।
विपत्ति जेजति पर्छ साथैमा हुनुपर्दछ ॥७३॥

अल्पज्ञ र दीर्घसूत्री, काम गर्दा चटारिने ।
चाटुकारहरूलाई राजाले त्याग्नुपर्दछ ॥७४॥

ज्ञानी तथा वृद्ध कुलीन बान्धव ।
सखा दरिद्र, भगिनी अपत्या (सन्तानहीन) ॥
गृहस्थ, आभूषणतुल्य नित्य ।
घरमा भएमा घर स्वर्ग हुन्छ ॥७५॥

माता, पिता, गुरू, अग्नि, आत्मा यी पञ्चअग्निमा ।
यत्नपूर्वकको सेवा गर्नाको फल उत्तम ॥७६॥

मनुष्य, पितृ, संन्यासी तथा अतिथि देवता ।
पञ्चउपासनाद्वारा प्राप्त हुन्छ ठूलो यश ॥७७॥

मित्र, अमित्र, मध्यस्थ, उदासीन र आश्रित ।
आजीवन सदाकाल छायाजस्तै निरन्तर ॥७८॥

निद्रा, तन्द्रा, भय, क्रोध, आलस्य, दीर्घसूत्रता ।
षड्दोष त्याग गर्नाले देवता हुन्छ मानिस ॥७९॥

सदैव लक्ष्मी घरभित्र आऊन् ।
शरीरमा रोग कुनै नआऊन् ॥
भार्या प्रिया श्री प्रियवादिनी छ ।
छ नोकरी पुत्र सुशील दक्ष ॥
यति भए जीवन धन्य हुन्छ ॥८०॥

छद्वारा षट उद्धार, निष्प्रयोजन सप्तम ।
प्रमत्तबाट चोरेर रोगीद्वारा चिकित्सक ॥८१॥

प्रमदाबाट कामीको, यजमानतः पण्डित ।
राजा झगडियाबाट, मूर्खपूजित पण्डित ॥८२॥

पूर्वोपकारीको निन्दा 'षट'बाट निरन्तर ।
शिष्यले गुरूको निन्दा, छोरा पीडित मातर ॥८३॥

पुरूष कामिनी त्याग्छ काम शान्त भएपछि ।
नौका बिर्सन्छ यात्रीले नदी पार गरेपछि ॥८४॥
पतनोन्मुख व्यक्तिमा रहेका आठ लक्षण ।
पहिलो ब्राह्मण द्वेष, विरोध ब्राह्मणैसित ॥८५॥

ब्राह्मणवृत्ति हरण, पछि ब्राह्मण यातना ।
गर्दै ब्राह्मणको निन्दा आनन्द मान्छ दुर्जन ॥८६॥

यी आठ गुणबाट पुरूष पूजित ।
कुलीनता बुद्धि दम श्रुतज्ञ ॥
पराक्रमादि बहुभाषितामा ।
दान यथाशक्ति कृतज्ञतामा ॥८७॥

दश मानिस जान्दैनन् यी धार्मिक विशेषता ।
मत्तः प्रमत्तः उन्मत्तः श्रान्त क्रुद्ध बुभुक्षित ॥८८॥

हतार काममा गर्ने लोभी, भीत र कामिक ।
तस्मात् यी दशको त्याग सदैव गर्छ पण्डित ॥८९॥

यसै विषयमा यौटा पुरानु इतिहास छ ।
प्रह्लादले सुधन्वामा गरेको उपदेश छ ॥९०॥

काम तथा क्रोध त्यजेर राजा ।
सुपात्रलाई धनको प्रदान ॥
विशिष्ट विद्वानहरू निमित्त ।
पूजा गरेको इतिहास दिव्य ॥९१॥

विश्वासी आचारहीन मनुष्य ।
दोषी भए दण्ड अवश्य मिल्छ ॥
मात्राअनुसार क्षमा र दण्ड ।
समग्रमा त्यैअनुसार हुन्छ ॥९२॥

कदापि कोही दुर्बलापमान ।
सुबुद्धिद्वारा रिपु प्रावधान ॥
सशक्तमा विग्रह गर्नुहुन्न ।
त्यो विक्रमी धीर प्रकट हुनेछ ॥९३॥ क्रमशः

-कपन, काठमाडौं

# श्रीरामकृष्ण तथा श्री बंकिमचन्द

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अघिल्लो अंकबाट क्रमशः

## बंकिम र राधाकृष्ण, युगलरूपको व्याख्या

आज श्रीरामकृष्णदेव अधरको घरमा पाल्नुभएको छ । मार्ग-शीर्षको कृष्ण-चतुर्थी हो, शनिबार ६ डिसेम्बर सन् १८८४ । श्रीरामकृष्ण पुण्य नक्षत्रमा आउनुभएको छ । अधरको घर कलकत्ताको उत्तरीखण्डमा शोभाबजारको बेनेटोलामा छ ।

अधर विशेष भक्त हुन् । उनी डिप्टी मजिस्ट्रेट छन् । उमेर २९-३० होला । श्रीरामकृष्ण उनीसँग विशेष स्नेह राख्नुहुन्छ । अधरको पनि कस्तो भक्ति छ भने सारा दिन अफिसमा परिश्रम गरेपछि हातमुख धोएर प्रायः प्रतिदिन नै साँझपख श्रीरामकृष्णको दर्शन गर्न जान्छन् । यसरी प्रतिदिन बेनेटोलाबाट दक्षिणेश्वर काली मन्दिरमा श्रीरामकृष्णकहाँ गाडीमा चढेर जान्थे । प्रायः प्रतिदिन दुई रूपैयाँ गाडीभाडा दिन्थे । खालि श्रीरामकृष्णको दर्शन गर्नेछु, उनलाई यही आनन्द छ । उनलाई उहाँको श्रीमुख-वाणी सुन्ने अवसर प्रायः हुँदैनथ्यो । त्यहाँ पुगेपछि श्रीरामकृष्णलाई भूमिष्ठ भएर प्रणाम गर्थे ।



कुशल प्रश्न आदिपछि माता कालीको दर्शन गर्न जान्थे । त्यसपछि जमिनमा गुन्द्री बिछ्याइरहेको हुन्थ्यो, त्यसैमा विश्राम गर्थे । श्रीरामकृष्ण आफैं नै उनलाई विश्राम गर्नु भन्नुहुन्थ्यो । अधरको शरीर परिश्रमले यति क्लान्त भएको हुन्थ्यो कि एकैछिनमा उनी निदाउँथे । रातिको ९-१० बजेतिर उनलाई उठाइन्थ्यो । उनी पनि उठेर श्रीरामकृष्णलाई प्रणाम गरी गाडीमा सवार भएर घर फर्कन्थे ।

अधर श्रीरामकृष्णलाई अक्सर शोभाबजारमा आफ्नो घरमा लैजान्थे । श्रीरामकृष्ण आउनुभएपछि त्यहाँ उत्सव जस्तो हुन्थ्यो । श्रीरामकृष्ण तथा अन्य भक्तहरूसँग अधर खुब आनन्द मनाउँथे र अनेक प्रकारसँग तृप्तिपूर्वक भोजन गराउँथे ।

एक दिन श्रीरामकृष्ण उनको घर पाल्नुभएको थियो । अधरले भने, "हजुर धेरै दिन भयो, यस घरमा आउनुभएको थिएन, घर बडो फोहोर भएको थियो, नजाने कस्तो दुर्गन्ध फैलिएको थियो । आज हेर्नुस् त घरको शोभा कस्तो भएको छ ? अनि कस्तो सुगन्ध फैलिएको छ ।" मैले आज ईश्वरलाई धेरै पुकार गरेथे, यहाँसम्म कि आँखाबाट आँसुसमेत खसेको थियो । श्रीरामकृष्णले भन्नुभयो, "ए के कुरा भन्छौ ।" यति भनेर अधरतर्फ स्नेहपूर्ण दष्टिले हेरेर हाँस्न लाग्नुभयो ।

आज पनि उत्सव हुनेछ । श्रीरामकृष्ण पनि आनन्दमग्न हुनुहुन्छ । भक्तगणहरू पनि आनन्दमा भरपूर छन् किनकि जहाँ श्रीरामकृष्ण उपस्थित हुनहुन्छ, त्यहाँ ईश्वर-चर्चा अतिरिक्त अरू कुनै पनि कुरा हुन्न । भक्तगणहरू आएका छन् र श्रीरामकृष्णलाई हेर्न अनेक नयाँ मानिसहरू पनि आएका छन् । अधर स्वयम् डेपुटी मजिस्ट्रेट छन् । उनले भोजको पनि बन्दोबस्त गरेका छन् ।

उनले आफ्ना केही मित्र तथा अरू डेपुटी मजिस्ट्रेटलाई निम्ता गरेर बोलाएका छन् । उनीहरू स्वयम्ले श्रीरामकृष्णलाई हेर्नेछन् र परख गर्नेछन्, वास्तवमा उहाँ महापुरूष हुनुहुन्छ वा हुनुहुन्न । बोलाइएकामा, त्यसबखतका बङ्गालका साहित्यकारहरूमध्ये सर्बश्रेष्ठ साहित्यकार बंकिमचन्द्र चटर्जी थिए । उनी आधुनिक बङ्गाली साहित्यका स्रष्टा थिए र उनले सामाजिक र धार्मिक विषयमा धेरै लेखेका थिए । उनले हिन्दुस्थानमा र बेलायतमा शिक्षा पाएका थिए र हिन्दु धर्मग्रन्थहरूको आधुनिक रूपमा व्याख्या गरेका

थिए । आमूल सामाजिक सुधारहरूका उनी पक्षपाती थिए ।

श्रीरामकृष्ण हँसमुख भएर भक्तहरूसँग कुराकानी गरिरहनुभएको छ । यसै बेला अधर आफ्ना केही मित्रहरूलाई लिएर श्रीरामकृष्णनजिकै आएर बसे ।

अधर (बंकिमलाई देखाएर, श्रीरामकृष्णसँग)– महाराज, उहाँ वडा विद्वान् हुनुहुन्छ, अनेक पुस्तकहरू लेख्नुभएको छ । हजुरलाई भेट्न आउनुभएको छ, यहाँको नाम हो बंकिमबाबु ।

श्रीरामकृष्ण (हाँस्दै)– बंकिम ! तिमी फेरि कसको भावले बंकिम (टेढो) भएका हौ, भाइ ?

बंकिम (हाँस्दैहाँस्दै)– हजुर महाराज, जुत्ता खाएर ! (सबै हाँस्छन्) गोरा साहेबहरूको बुटको चोट खाएर टेढो भइयो ।

श्रीरामकृष्ण– होइन, होइन भैया ! श्रीकृष्ण प्रेमले बंकिम बन्नुभएको थियो । श्रीमती राधाको प्रेमले उहाँ त्रिभङ्ग हुनुभयो । (तीन ठाउँमा टेढो हुनुभयो ।) कसैले कृष्ण रूपको व्याख्या यसरी गर्छन, श्रीराधाको प्रेमले त्रिभङ्ग । "कालो किन हुनुहुन्छ, थाहा छ ? अनि साढे तीन हातको शरीर, त्यति सानो किन हुनुहुन्छ ?

कालो तबतक देखिनुहुन्छ, जबतक ईश्वर दूर हुनुहुन्छ । जस्तो समुद्रको पानी टाढाबाट हेर्दा नीलो देखिन्छ । समुद्रमा गएर हातमा लिँदा पानी नीलो देखिँदैन । त्यसबखत बहुत सफा, सफेद देखिन्छ ।

सूर्य टाढा छ, यसैले सानो जस्तो देखिन्छ, नजिकै जाँदा सानो हुँदैन, ईश्वरको स्वरूप ठीक बुझेपछि, जानेपछि कालो पनि रहन्न, सानो पनि रहन्न । यो धेरै टाढाको कुरा हो । समाधिमग्न नहुनाले उहाँकै सब लीला हो, यो सम्झन हुन्न । 'म' 'तिमी' हुँदासम्म नाम रूप पनि छ । उहाँकै सबै लीला हो । 'म' 'तिमी' जबसम्म रहन्छन्, तबसम्म उहाँ अनेक रूपमा प्रकट हुनुहुन्छ ।"

"श्रीकृष्ण पुरूष हुनुहुन्छ, श्रीमती राधिका उहाँकी शक्ति, आद्याशक्ति हुनुहुन्छ, पुरूष र प्रकृति ।

युगल मूर्तिको के माने हो ? (के अर्थ छ) ? पुरूष र प्रकृति अभिन्न छन्, तिनमा भेद छैन । पुरूष प्रकृतिविना रहन सक्तैन, प्रकृति पनि पुरूषविना रहन सक्दैन । एउटाको नाम लिँदा अर्कोलाई पनि उसैसाथ नै बुझ्नुपर्छ । जसरी आगो र यसको पोल्ने शक्ति । दाहिका शक्तिलाई छोडेर आगोको चिन्तन गरिन्न । त्यस्तै आगोलाई छोडेर दाहिका शक्तिको पनि चिन्तन गर्न सकिन्न । यसैकारण युगल मूर्तिमा श्रीकृष्णको दृष्टि श्रीमतीजीतर्फ र श्रीमतीजीको दृष्टि श्रीकृष्णतर्फ हुन्छ । श्रीमतीजीको गोरो वर्ण छ, बिजुली चमकसरि, श्रीमतीजीले नीलो साडी लगाउनुभएको छ र उहाँले नीलकान्त मणिले आफूलाई सजाउनुभएको छ । श्रीमतीजीको चरणामा नूपुर (पाउजेब) छ, यसैले श्रीकृष्णले पनि पाउजेब लाउनुभएको छ, अर्थात् प्रकृतिसँग पुरूषको भित्र र बाहिर सामञ्जस्य छ, मेल छ ।

यी कुराहरू सकिए । अब अधरका बंकिम आदि मित्रगण अङ्ग्रेजीमा साउती मार्न लागे ।

श्रीरामकृष्ण (हाँस्तै, बंकिमहरूसँग)– क्या हो, तपाईंहरू अङ्ग्रेजीमा के कुरा गर्दै हुनुहुन्छ ?

अधर– हजुर, यसै विषयमा केही कुरा भइरहेको थियो, कृष्णरूपको व्याख्याका कुरा !

श्रीरामकृष्ण (हाँस्दै, सबैसँग)– एउटा कथाको सम्झना आउँदा मलाई हाँसो उठिरहेछ । सुन कथा भन्छु । नाउ दाह्री बनाउन लागेको थियो । एउटा भद्र मान्छे दाह्री बनाइरहेका थिए । अब दाह्री बनाउँदै गर्दा एक ठाउँमा छुरा लाग्यो, त्यस भद्र मानिसले भन्यो, 'डैम' (Damn) । तर नाउ त त्यसको अर्थ बुझ्दैन थियो । जाडोको याम थियो, उसले छुरा अस्तरा छोडेर आफ्ना बाहुला स्याहार्दै भन्न लाग्यो,

लौ भन, तिमीले मलाई डैम भन्यौ किन ? यसको के मतलब हो ? त्यस मान्छेले भन्यो, "तिमी दाह्री बनाउँदै त गर, त्यसको खास मतलब केही होइन, अलि होस गरेर छुरा चलाऊ भनेको ।"

नाउ पनि छोड्नेवाला थिएन । ऊ भन्न लाग्यो, "डैम माने राम्रो हो भने, म डैम, मेरा बाबु डैम, मेरो चौध पुस्ता डैम । (सबै हाँस्न लागे) तर डैमको मतलब खराब हो भने तिमी डैम, तिम्रो बाबु डैम, तिम्रो चौध पुस्ता डैम हुन् । (सबै हाँसे) अनि केवल ती डैम मात्रै होइन, डैम, डैम, डैम, डैम, डैम, डैम ।" (सबै जोरसँग हाँस्छन्) क्रमशः

अनुवादक– प्रा.डा. शङ्कुरराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

# गायत्रीमन्त्रमा अधिकार



- पं. वेदप्रसाद पन्त

सर्वप्रथम गायत्री मन्त्र र यसको अर्थ –

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं, भर्गोदेवस्य धीमहि, धियो यो नः प्रचोदयात्।

ॐ (परमात्मा), भूः (प्राणस्वरूप), भुवः (दुःखनाशक), स्वः (सुखस्वरूप), तत् (त्यस), सवितुः (तेजस्वी), वरेण्यं (श्रेष्ठ), भर्गः (पापनाशक), देवस्य (दिव्यदेवको), धीमहि (धारण गर्छौं), धियः (बुद्धि), यः (जुन्), नः (हाम्रो), प्रचोदयात् (प्रेरित गरून्) ।

अर्थात् त्यस सर्वव्यापी, प्राणस्वरूप, दुःखनाशक, सुखस्वरूप, श्रेष्ठ, तेजस्वी, पापनाशक देवस्वरूपका परमात्मालाई हामीहरूले अन्तरात्मामा धारण गरौँ, जसले गर्दा उनले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरिरहून् ।

(भूः, भुवः र स्वः को अर्थ स्वर्गलोक, पृथ्वीलोक र पाताललोक आदि अर्थ पनि हुन्छ )

गायत्री मन्त्रको उक्त अर्थमा तीन प्रकारका तथ्यहरू प्रकट हुन्छन् –

१) ईश्वरीय सर्वव्यापीसत्ताको बोध हुनुको साथै उनका दिव्यगुणहरूको चिन्तनमा वृद्धि हुनु ।

२) ईश्वरलाई आफ्नो अन्तरात्मामा धारण गर्नु ।

३) सद्बुद्धि जागरित गर्नको लागि प्रार्थना गर्नु ।

उक्त तीनै कुराहरू असाधारण महाबली हुन् ।

अर्थात् यस मन्त्रको प्रथम भागमा साधकको मनमा ईश्वरीय दिव्यगुण प्राप्त गर्ने अभिलासा प्रकट भएको छ भने दोस्रो भगमा आफ्नो अन्तरात्मामा परब्रह्मलाई स्थापित गर्ने र तेस्रो भागमा आफ्नो बुद्धिलाई सन्मार्गका लगाउने प्रेरणा जागरित होस् भन्ने कामना राखी प्रर्थना गरिएको छ । गायत्री साधना गर्दा ज्ञान, भक्ति र कर्म तीनै योगको उपासना भएको मानिन्छ– जस्तै सद्गुणहरूको चिन्तन ज्ञानयोग हो भने अन्तरात्मामा ब्रह्मलाई धारण गर्नु भक्तियोग हो । तथा बुद्धिलाई साविक र अनासक्त गराउनु कर्मयोग हो । यसरी साँचो मनले गायत्रीको उपासना गर्ने हो भने गायत्री मन्त्रबाट सर्वार्थ सिद्धि प्राप्त भइरहेको अनुभूति हुनुको साथै दिन प्रतिदिन आत्मामा आध्यात्मिक दर्शन विकसित हुँदैजान्छ ।

यस लोकका सम्पूर्ण मन्त्रहरूमा श्रेष्ठ मन्त्र गायत्री मन्त्र हो । यसको साधना गर्ने कर्मलाई निर्विवाद रूपमा परम कल्याणकारी एवं सर्वश्रेष्ठ मानिन्छ । यस्तो महान् मन्त्र साधना गर्ने काममा पनि दुर्भाग्य नै भन्नुपर्छ गायत्रीको जप र गुणगान गर्ने बारेमा समाजमा अनेक भ्रान्तिहरू प्रचलित छन् । कोही मानिस त गायत्री जपको अधिकार केवल ब्राह्मणलाई मात्र छ भन्ने गर्छन् । कोही मानिसले ब्राह्मण, क्षेत्री र वैश्यहरू पनि गायत्री जपका अधिकारी हुन् भनेका छन् । वास्तवमा ब्राह्मण, क्षत्री र वैश्यहरूलाई समान अधिकार छ । यसमा तर्क गर्नुपर्ने कुनै कुरा छैन किन भने महाभारतमा स्पष्ट उल्लेख भएको छ –

ब्राह्मणाः क्षत्रियाः वैश्यास्त्रयोवर्णा द्विजातयः ।

अत्र तेषामधीकारो धर्मेषु द्विपदां वर ॥ (म.शा.प.अ.२९६/२५)

अर्थात् ब्राह्मण, क्षत्री र वैश्य यी तीन वर्णलाई द्विजाति (द्विज) द्विपदीमा श्रेष्ठ भनिन्छ । यिनीहरू द्विजाति भएपनि यी सबैको अधिकार र कर्तव्य भने तोकिए अनुसार पालन गर्नुपर्ने बताएको पनि छ । महाभारतकै कथनअनुसार ब्राह्मणको लागि षट्कर्म– पढ्नु र पढाउनु, यज्ञ गर्नु र गराउनु, दान दिनु र लिनु भनी बताइएको छ । क्षत्रीयको लागि पढ्नु र वैवाहिक कर्मपछि राज्यसत्ता सम्हाली देशमा सुशासन कायम गर्नु, सीमा सुरक्षा गर्नु, देश र जनताको सुख र सुरक्षाका लागि आइलागेमा शत्रुहरूसँग युद्ध गरी विजय प्राप्त गर्नको लागि सधैँ तयारी अवस्थामा रहनु ।

वैश्यका लागि पढ्नु, कृषि उपज र व्यापारमा सक्षम भई सफल र धनी बन्नु जुन धनले राज्यलाई आवश्यक भए राज्यसत्ता जोगाउनको लागि राज्यले प्रयोग गर्न सकोस् । शूद्रहरूका लागि सामान्य पठन पाठनसँगै विभिन्न प्रकारका सीपहरू सिकेर विश्वकर्माद्वारा उत्पादन गरिएका सबै औजारहरू पुनर्निर्माण गरी उचित मूल्य लिएर सबैको काममा सहयोग पुऱ्याउनु । यसप्रकारको जातीय व्यवस्था सत्य, त्रेता र द्वापर युगसम्म राम्रोसँग पालन गरिन्थ्यो र सामाजिक उन्नति पनि राम्रो भएको थियो ।




भगवान् श्रीकृष्णले गीतामा गायत्री र वेदविद्या बारे भन्नुभएको छ–

सर्वस्यचाहं हृदि सन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनञ्च।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेहचाहम् ॥

(गीता १५/१५)

अर्थात् भगवान् कृष्णले भन्नुभएको छ– म सबै प्राणीहरूको हृदयमा निवास गर्दछु । मबाट नै सबैलाई ज्ञान, स्मरण शक्ति र विर्सने कुरा पनि प्राप्त हुन्छ । गायत्रीमन्त्रसहित सम्पूर्ण ज्ञानरूपी वेदपनि म नै हूँ र वेदान्त निर्माण पनि मैले नै गरेको हूँ र ती वेदहरू जान्ने पनि म नै हूँ ।

यसैगरी भगवान्ले श्रीमद्भगवद् गीतामा आफ्नो विषयमा भन्नुभएको छ –

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम्।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥

(गीता १०/३४)

अर्थात् श्रीकृष्ण भन्नुहुन्छ– म नै सर्वभक्षी मृत्यु (काल)हूँ र पुनः उत्पन्न गर्ने सृष्टिकर्ता पनि म नै हूँ । नारीहरूमा विद्यमान् असल गुणहरू यश, ऐश्वर्य, लक्ष्मी, वाणी, स्मरणशक्ति, बुद्धि, धैर्य र सहनशीलता पनि म नै हूँ ।

यसरी भगवान्ले घुमाईफिराई स्त्रीजातिको आत्मामा मात्र नभई शरीरमा भएका सबै गुणहरूमा म नै निवास गर्छु भन्नुभएकोले नारीहरूको सम्मान र पूजा गर्दा श्रीकृष्णकै पूजा र सम्मान हुने कुरा स्पष्ट भएको छ । यसपछि वेदव्यासले नवदुर्गा भगवतीको नाममा देवीभागवत्पुराणमा उल्लेख गर्नुभयो भने मार्कण्डेय महर्षिले मार्कण्डेय पुराणमा दुर्गाकवच (चण्डी) लेखी नारीको सम्मान गर्नुभएको छ । यस्तै देवीका नामका स्तोत्र र प्रार्थना लेखिएका धेरै पुस्तिकाहरू उपलब्ध छन् । त्यस्तै नाम कीर्तनमा पनि पहिले देवीकै नाम लिएर देवताको नाम लिने चलन चल्यो । जस्तै सीताराम, राधेश्याम, उमामहेश्वरआदि यसैगरी विशेष चाडपर्वहरूमा कन्या पूजासँगै राम्रा कामको साइत गर्दा पनि कन्यालाई टीका लगाइदिने प्रचलन आएको हो र त्यो आज पनि यथावत् नै छ । यसरी हेर्दा नारी जातिलाई वेद पढ्ने र गायत्री जप्ने अधिकार श्रीकृष्णले पहिले नै दिनुभएको थियो । भगवान्को यस विधिलाई तोड्न खोज्नु महामूर्खहरूको सोच मात्र हो ।

प्राचीन समयमा जन्मेपछि जातकर्मादि र व्रतबन्ध गरिसकेपछि २५ वर्ष उमेर नहुँदासम्म गुरूकुलमा बसी शिक्षा ग्रहण गरी दीक्षित बन्नको लागि ब्राह्मण, क्षत्री र वैश्य तथा तिनीहरूका स्त्री जातिका लागि पनि समान अधिकार थियो ।

पूरा कल्पे तु नारीणां मौञ्जिबन्धनमीष्यते ।
अध्ययनं च वेदानां सावित्री वचनं तथा ॥ (वैदिक उक्ति)

अर्थात् प्राचीन समयमा महिलाहरूलाई पनि व्रतबन्ध गरी गुरूकुलमा राखी २५ वर्ष नहुँदासम्म पढाउने व्यवस्था थियो । दीक्षित भएपछि मात्र गृहस्थाश्रममा प्रवेश गर्नेहुँदा त्यस अवस्थाको सामाजिक व्यवस्था अत्यन्त राम्रो थियो । त्यसैले मानवजीवन पनि सुखमय थियो । त्यस समयमा जस्ले कामगर्छ त्यसको पूजा गरिने हुनाले स्त्रीहरूसँगै वेदमा कुम्भकार, लौहकार, ताम्रकार, स्वर्णकार आदिलाई

पहिले नमस्कार गरी सम्मान गर्ने चलन थियो भन्दै यजुर्वेद अध्याय १६ कण्डिका २७ मा लेखिएको छ– नमस्तक्षभ्यो रथकारेभ्यश्चवो नमोनमः, कुलालेभ्यः कर्मकारेभ्यश्चवो नमः। जुनसुकै सभास्थलमा जाँदा पनि पहिले मञ्चभन्दा तलबस्ने सबै श्रोतागणलाई नमस्कार गरेर पछिमात्र सभापतिलाई नमस्कार गर्नुपर्छ भन्दै ऐ. ऐ. कण्डिका २४ ले लेखेको छ– नमः सभाभ्यः सभापतिभ्यश्चवो नमः। सम्मान र नमस्कार मात्र होइन विद्वान्हरूले अदुष्ट कर्माणां शूद्राणामपि व्रतबन्धः भन्दै राम्रो कर्म गर्ने शूद्रहरूलाई पनि व्रतबन्ध गराई गुरूकुलीय शिक्षा दिने गर्दथे भनिएको छ। वैदिक नियम अनुसार विधिवत् उपनयन कर्म गरेपछि मानिसलाई द्विज भन्न सकिन्छ। यस कुराले– जन्मना जायते शूद्रः कर्मणा द्विज उच्यते। भन्ने यस शाश्वत उक्तिलाई स्पष्ट पारेको छ।

यसका धेरै प्रमाणहरू शास्त्रहरूमा पढ्न सकिन्छ। सत्यकाम जाबाललाई कर्मबाटै अज्ञात कुलका भएपनि ब्रह्मविद्याको अधिकारी मानिएको छ। इतरा (चर्मकर्तृ)का छोरा ऐतरेय, ऐतरेय उपनिषद्का स्रष्टा भए। धीवर कन्याका पुत्र महर्षि वेदव्यासले ऋषि परम्परामा शीर्षस्थ स्थान प्राप्त गरे। क्षत्री राजाले गायत्री साधनाबाटै ब्रह्मर्षि पद प्राप्त गर्न सफल भएका थिए। अतः भ्रान्त मान्यताहरूलाई छोडेर माता गायत्रीको पयपानको लाभ सबैले लिनुपर्छ र लिने व्यवस्था पनि मिलाउनुपर्छ, भनिएको छ।

महिलाहरूको अधिकारका सम्बन्धमा पनि यस्तै मान्यता रहेको छ। उनीहरूलाई वेद पढ्ने अधिकार छैन भन्ने गरेकोले गायत्री पढ्न र जप गर्न पनि अथिकार छैन भन्ने गर्छन्। यो पनि अत्यन्त भ्रान्त मान्यता हो। वेद मन्त्रहरूको अवतरण जसबाट भएको छ, त्यसमा ऋषिहरू मात्र नभएर अनेक ऋषिकाहरूको नाम पनि उल्लेख भएको छ। यस कुराका प्रमाणहरू ऋग्वेदका ऋषिकाहरूको सूची वृहद्देवता ग्रन्थको दोस्रो अध्यायमा यसरी लेखिएको छ –

घोषा, गोधा, विश्वधारा, अपालोपनिषन्निषत्।
ब्रह्मजाया जुहुर्नाम, अगस्त्यस्य स्वसादितिः ॥८४॥
इन्द्राणी चेन्द्रमाता च सरमा, रोमशोर्वशी।
लोपामुद्राश्च नद्यश्च यमी, नारी च शाश्वती ॥८५॥
श्रीर्लाक्षा, सार्पराज्ञा, वाक्, श्रद्धा, मेधा च दक्षिणा।
रात्री, सूर्या च सावित्री, ब्रह्मावादिन्य ईरतिः ॥८६॥

अर्थात् घोषा, गोधा, विश्वधारा, अपाला, उपनिषद्, ब्रह्मजाया (जुहु), अगस्त्यकी बहिनी अदिति, इन्द्रकीआमा इन्द्राणी, सरमा, रोमशा, उर्वशी, लोपामुद्रा र नदी, यमी, शाश्वती, श्रीः, लाक्षा, सर्पराज्ञी, वाक्, श्रद्धा, मेधा, दक्षिणा, रात्री, सूर्या, सावित्री, ईरति आदि सबै ब्रह्मवादिनी हुन्। ऋग्वेदका १०–१३४, १०–३९, १०–४०, ८–९१, १०–९५, १०–१०७, १०–१०९, १०–१५४, १०–१५९, १०–१८९, ५–२८ र ८–९ आदि सूक्तहरूका द्रष्टा हुनाले यिनीहरूलाई आदर्श ऋषिकाहरू हुन् भनिएको छ।

यस्ता अनेक प्रमाणहरू मिल्छन्। जसबाट स्पष्ट हुन्छ कि स्त्रीहरू पनि पुरुष सरह यज्ञ गराउने र गर्ने गर्थे। उनीहरू यज्ञविद्या र ब्रह्मविद्यामा पारंगत थिए। केही नारीहरू त आफ्ना पिता र पतिलाई पनि मार्गदर्शन गर्ने गर्थे। मनुकी छोरी इडाको वर्णन गर्दै तैत्तिरीय उपनिषद् २–१–४ मा उनलाई यज्ञानूकाशिनी भनिएको छ। यज्ञानूकाशिनीको अर्थ सायणाचार्यले यज्ञ तत्त्व प्रकाशन समर्था भनेका छन्। इडाले आफ्ना पितालाई यज्ञ सम्बन्धी सल्लाह दिँदै भनेकी छन्– साऽब्रवीदिडा मनुम्। तथा वाऽहं तवाग्निमाधास्यामि। यथा प्रप्रथा पशुभिर्मिथुनैर्जनिष्यये। प्रस्यस्मिलोकेसे स्थास्यसि। अभि सुवर्गलोकं जेष्यसीति।

(तैत्तिरीय उ. १/४/१/६)

अर्थात् इडाले मनुलाई भनिन्– तपाईँले जगाएका अग्निको यस्तो आराधना गर्नेछु जसबाट तपाईँलाई पशु, भोग, प्रतिष्ठा र स्वर्ग प्राप्त गर्न सजिलो हुनेछ।

प्राचीन समयमा स्त्रीहरू गृहस्थाश्रम चलाउनेहरू र ब्रह्मपरायण पनि थिए। यी दुवै थरी आआफ्नो कार्यक्षेत्रमा कुशलतापूर्वक काम गर्नेगर्थे। जस्ले गृहस्थाश्रम सञ्चालन गर्थे उनहिरूलाई सद्योवधू भनिन्थ्यो। जो वेदाध्ययनपछि ब्रह्मउपासना आदि पारमार्थिक कार्यहरूमा प्रवृत्त हुन्थे तिनीहरूलाई ब्रह्मवादिनी भनिन्थ्यो। ब्रह्मवादिनी र सद्योवधूहरूका कार्यक्रम त अलग अलग थिए तापनि उनीहरूको मौलिक धर्माधिकारमा कुनै अन्तर थिएन।

द्विविधाः स्त्रियः ब्रह्मवादिन्यः सद्योवध्वश्च। तत्र ब्रह्मवादिनीनाम्। अनिन्धनं पनयनं वेदाध्ययनं स्वगृहे

भिक्षाचर्येति । सद्योवधूनां तूपस्थिते विवाहे कथञ्चिद्दुपनयनं कृत्वा विवाह कार्यः । (हारित धर्मसूत्र २१/२०/२४)

**अर्थात् ब्रह्मवादिनी र सद्योवधू दुवै प्रकारका स्त्रीहरू हुन्छन् । यिनीहरूमा ब्रह्मवादिनीहरू यज्ञोपवीत धारण गर्नु, अग्निहोत्र हवनादि यज्ञकर्म गर्नु, वेदाध्ययन गर्नु र गराउनु तथा स्वगृहमा (अर्थात् आफ्नै कुलवंश घरमा) भिक्षाटन गर्नु आदि । सद्योवधूहरूले पनि यज्ञोपवीत अवश्य धारण गर्नुपर्छ । स्त्रीहरूको यो उपनयनकर्म विवाह कालमै गर्ने पनि गरिन्थ्यो । पाण्डवपत्नी द्रौपदीको विद्वत्ताको वर्णन गर्दै श्रीआचार्य आनन्दतीर्थ (माधवाचार्य) ले भहाभारत निर्णयमा लेखेका छन्–** वेदाश्चोयुत्तम स्त्रीभिः कृष्णाद्याभिरिहाखिलः **अर्थात् उत्तमस्त्रीहरूले कृष्णा (द्रौपदी)ले जस्तै वेद पढ्नुपर्छ ।**

**ऋग्वेद १/१/५ को भाष्य गर्दै महर्षि दयानन्दले लेखेका छन्–** याः कन्या यावत् पञ्चविंशति वर्षमायुस्तावद् ब्रह्मचर्येण जितेन्द्रियाः तथा सांगोपांग वेदविद्या अधीयते ताः मनुष्यजाति भूषिका भवन्ति । **अर्थात् जो कन्या २५वर्षसम्म ब्रह्मचर्यमा रहेर सांगोपांग वेद विद्या आदि अध्ययन गर्दछन् । तिनीहरूले मनुष्य जाति र समाजलाई सुशोभित गराउँछन् । स्त्रीहरू यज्ञमा ब्रह्मा (वाचिका)बनेका र उपाध्याय एवं आचार्य बनेका प्रमाणहरू प्रसस्त छन् । ऋग्वेदमा नारीहरूलाई सम्बोधन गर्दै भनिएको छ कि तिमीहरूले उत्तम आचरण गरेर ब्रह्मपद प्राप्त गर –**

अधः पश्यस्व मोपरि सन्तरां पादकौ हर ।
मा ते कश प्लकौदृशन् स्त्री हि ब्रह्मा विभूविथ ॥

(ऋग्वेद ८/३३/१९)

**अर्थात् हे नारी ! तिमी जमिनतर्फ हेरेर हिंड । व्यर्थै यता उताका वस्तु र व्यक्तिहरूलाई हेर्दै नहेरेर हिंड । आफ्ना पाइलाहरू सावधानी तथा सभ्यतापूर्वक चाल्ने गर । बस्त्रहरू सधैं लज्जास्पद अंगहरू ढाक्ने गरी लगाऊ । यसप्रकार राम्रो आचरण गर्दै गएमा तिमीहरूले निश्चय नै ब्रह्मपद प्रात गर्न सक्नेछौ ।**

**ब्रह्मपद अत्यन्त उच्च छ ।** ब्रह्मा वा ऋत्विजाम्भिषक्तमः। (शतपथ ब्राह्मण १/७४/१९) **अर्थात् ब्रह्मले नै सबै ऋत्विजहरूको त्रुटिहरू हटाउन सक्ने हुनाले ती पुरोहितहरू भन्दा ब्रह्म उत्तम मानिन्छन् ।**

तस्माद्यो ब्रह्मिष्ठः तस्यात् तं ब्रह्माणं च कुर्वित ।

(गोपथ ब्रा.उत्तरार्द्ध १/३)

**अर्थात् जुन मानिस सबैभन्दा अधिक ब्रह्मनिष्ठ (परमेश्वर तथा वेदको ज्ञाता) छ उसलाई ब्रह्मा(आचार्य) बनाउनुपर्छ । यसरी स्पष्ट हुन्छ कि महिलाहरूलाई पनि पुरूषहरू समान वेद, यज्ञ र गायत्रीको अधिकार थियो र छ भनिएको छ ।**

**यहाँ एउटा प्रसंग उल्लेख गरिन्छ–**

**वाराणसेय हिन्दु विश्वविद्यालयका संस्थापक मदनमोहन मालवीयको स्त्रीजातिप्रतिको सम्मानजनक निर्णय पढ्न लायक भएको हुनाले यहाँ त्यो प्रसंग उल्लेख गरिएको छ– यस कलियुगमा काशीनिवासी नेपाली र हिन्दुस्थानी विद्वान्हरू भेला भएर काशीमै जुन् समयमा स्त्रीशिक्षा बारेमा वाद विवाद गरिरहेका थिए । त्यसै समयमा त्यस विश्वविद्यालयमा काशीकी एकजना कुमारी कल्याणी नामक छात्रा वैदिक कक्षामा प्रवेश गर्न चाहन्थिन् । परन्तु यस युगको प्रचलित मानन्यताका आधारमा उनलाई त्यस कक्षामा भरणा लिन मानिएन । शिक्षाधिकारीहरूले महिलालाई वेद पढ्ने अधिकार दिइएको छैन भने ।**

**यस बारेमा अनेकप्रकारका पत्रपत्रिकाले पनि अधिकार र अनधिकारका बारेमा धेरै कुरा लेखे । अनेक विद्वान्हरूले विश्व विद्यालयमा आएर छलफल पनि गरे । भारतवर्षभर नै यस कुराले चर्चा पायो । अन्तमा विश्व विद्यालयका संस्थापक महामना मदनमोहन मालवीयको अध्यक्षतामा यस विषयमा अन्तिम निर्णको लागि एक कमिटी गठन गरियो, जुन कमिटिमा धेरै विद्वान्हरूलाई नियुक्त गरिएको थियो । यस समितिले वेदादि अनेक ग्रन्थहरू अध्ययन गरेर स्त्रीहरूलाई पनि पुरूष समान वेदाध्ययन गर्न पाउने अधिकार भएको निष्कर्ष निकालेका थियो । यो निर्णयको घोषणा २२ अगस्त १९४६मा सनातन धर्मका प्राण मानिने महामना मालवीयले नै गरेका थिए । तदनुसार कुमारी कल्याणी देवीलाई वैदिक कक्षामा भरणा गरीयो । यसरी महिला र पुरूष दुवैलाई वेद पढ्ने र यज्ञ गर्ने गराउनेमा समान अधिकार भएको पुनः घोषणा गरियो । मालवीय समेतका विद्वान्हरूलाई कसैले सनातन धर्म विरोधी भनेर शंका गर्न पनि सक्दैनन् । यसपछि पनि गायत्रीमा स्त्रीहरूको अधिकार छैन भनेर कसैले विवाद गर्दछ भने त्यसको लागि त कुनै औषधि बनेको छैन ।**

जहाँसम्म महिलाहरू रजोवती भएको अवस्थामा ब्रह्मसूत्रलाई कसरी पवित्र राख्न सकिन्छ भन्ने सवाल उठ्नु स्वाभाविक कुरा हो । शास्त्र के भन्छ भने- रजोवती हुनु भन्दा पहिले नै ब्रह्मसूत्र राख्न निर्धारण गरिएको पवित्र स्थान (वट्टा)मा राखी चार रात्री वितेपछि जौतिलानी छर्की १० पटकसम्म गायत्री मन्त्र जपी ब्रह्मसूत्र पूजेर लगाउने गर्नुपर्छ । सकेसम्म त नयाँ ब्रह्मसूत्र लगउँदा नै उत्तम हुन्छ । अघि पुरूषले पनि तीन सरा ब्रह्मसूत्र लगाउने गर्थे, विवाह गरेपछि स्त्री (श्रीमति) पुरूषको अर्धाङ्गिनी हुने प्रमाण भएकोले श्रीमतिलाई रजोवती हुँदा ब्रह्मसूत्र भुलवश पनि स्पर्श गरेको दोष नलागोस भनेर श्रीमतिको अर्धाङ्ग मानिने श्रीमान्ले नै उनको तीनसरा पनि थपेर ६सरा ब्रह्मसूत्र धारण गर्न थालेको हो भन्ने कुरा छ । असल श्रीमान्ले श्रीमतिको लागि गरिएको यो कुरा व्यवहारिक मानिन्छ तापनि वृद्धावस्था भएर रजोवती हुने क्रम बन्द भएपछि पुनः ब्रह्मसूत्र धारण गरेर शालग्राम पूजा समेत गर्न हुन्छ । अर्थात् द्विज बनेका पुरूष वा स्त्री सबैलाई भगवान्को पूजा गर्ने अधिकार हुन्छ ।

मानिसले अन्तरात्माद्वारा नै गायत्री साधना तथा ईश्वर पूजा गर्ने हो । अन्तरात्मा विशुद्ध ब्रह्मज्योति हो । त्यो न पुरूष हो न स्त्री हो । यस कुरालाई राम्रोसँग मनन गरेर स्त्री पुरूष दुवैलाई गायत्री साधनामा समान अधिकार भएको सम्झनुपर्छ । अन्तरात्मालाई विकशित हुन पथप्रदर्शकको आवश्यकता हुन्छ । त्यसको व्यवस्था गर्न पनि पछि पर्नुहुँदैन । आत्मा नै साधक भएकोले आत्मालाई स्त्री वा पुरूष सम्झेर व्यवहार गर्नु वा भेद गर्नु लज्जास्पद कुरामात्र हो । दुष्टमतिको पराकाष्टा हो । अतः वेदाध्ययन र गायत्री साधनामा स्त्री र पुरूषसहित सम्पूर्ण द्विजातिहरूको समान अधिकार भएकोले कसैले कसैलाई बञ्चित गर्ने कुरा गर्नु सामाजिक अपराध नै हुनजान्छ । मननीय कुरा- वैदिक धर्मशास्त्रले उपनयनकर्म गरी द्विज नबनेसम्म वेदाध्ययन गर्ने र गायत्री मन्त्र जप्ने अधिकार कुनै पनि वर्ण वा लिङ्गको व्यक्तिलाई दिएको छैन ।❖

विश्व विराट ज्ञान आश्रम, काठमाडौ

# सर्वश्रेष्ठ धनुर्धर

धनुर्वाणसम्बन्धी अनेकौं प्रतियोगिता जितेपछि एक युवकले आफूलाई सबैभन्दा ठुलो धनुर्धारी मान्न थाले । जहाँ पुगे पनि उनी मानिसलाई आफूसँग धनुर्वाणमा प्रतिष्पर्धा गर्न चुनौती दिन्थे र उनीहरूलाई हराएर खिल्ली उडाउँथे ।

एकपटक ती युवकले धनुर्विद्याका गुरूलाई नै धनुर्वाण प्रतियोगिताका लागि चुनौती दिए । गुरूले युवकको चुनौती स्वीकार गरे । प्रतियोगिता सुरू भयो । आफ्नो पहिलो प्रयासमा युवाले लक्ष्यको बीचमा निसाना प्रहार गरे र अर्को प्रहारमा उनले लक्ष्यमा लागेको पहिलो तीरलाई बीचबाट भेदन गरे । आफ्नो क्षमतामा गर्व गर्दै युवकले प्रश्न गरे- गुरू, के तपाईं योभन्दा राम्रो गर्न सक्नुहुन्छ ? सक्नुहुन्छ भने प्रमाणित गर्नुहोस्, होइन भने हार स्वीकार गर्नुहोस् ।


गुरूले युवकलाई आफ्नो पछि आउन इसारा गरे । एकैछिनमा गुरू एक गहिरो खोँचनजिक पुगे । खोँच देख्दा युवक त्रसित भए । उनले भने- गुरू हामी कता जाँदै छौँ ? गुरूले खोँचको बीचमा बनेको एउटा जीर्ण पुल देखाउँदै भने- चिन्ता नगर बाबु, हामी लगभग पुग्यौँ । अब यो पुलको बीचमा पुगेर लक्ष्य भेदन गर्नुपर्छ । दुई पहाड जोड्न खोँचमाथि काठको पुल बनाइएको थियो ।

गुरूले पुलको बीचमा पुगेर टाढाको रूखको टोड्कामा निसाना लगाए । उनले भने- ल अब तिमी पनि त्यहीँ निसाना लगाएर आफ्नो दक्षता प्रमाणित गर । युवक डराउँदै अघि बढे र बडो मुस्किलले पुलको बीचमा पुगे । उनले निसाना त लगाए तर वाण लक्ष्यको नजिक पनि पुगेन । युवकले निराश भई हार स्वीकार गरे ।

गुरूले भने- बाबु, तिमीले धनु र वाणलाई त नियन्त्रणमा लिएका छौ, तर जुनसुकै अवस्थामा पनि निसाना प्रहार गर्न आवश्यक पर्ने मनमा भने अझै तिम्रो नियन्त्रण छैन । जबसम्म मानिसमा सिक्ने जिज्ञासा रहन्छ, तबसम्म उसको ज्ञान बढ्छ, तर जब उसमा श्रेष्ठ बन्ने अहंकार बढ्छ, तब उसको पतन सुरू हुन्छ । युवकले आफ्नो गल्ती महसुस गरेर गुरूसँग माफी मागे । उनले भविष्यमा कहिल्यै आफ्नो कर्ममा घमण्ड नगर्ने प्रण गरे ।❖

प्रस्तुतिः कपिल बन्जारा, भीमसेनथापा ४, गोरखा

# नटारम्भेश्वर कि लट्टारम्भेश्वर ?



-आचार्य सुरज कौण्डिन्य पराजुली

हिन्दु धर्मदर्शनमा भगवान् शिव केवल एक देवता मात्र नभएर यो चराचर जगत्को चेतना, लय र संहारका प्रतीक हुनुहुन्छ । शिव शब्दको अर्थ नै कल्याण हो । शिव आदि हुनुहुन्छ, अन्त्य हुनुहुन्छ र अनन्त पनि हुनुहुन्छ । सृष्टिको कण कणमा व्याप्त हुनुहुन्छ । शिवलाई कसैले निराकार ब्रह्मका रूपमा त कसैले साकार महादेवका रूपमा पूजा गर्दछन् । सत्यम् शिवम् सुन्दरम् यो संस्कृतको प्रसिद्ध उक्तिले नै शिवको पूर्ण परिभाषा दिन्छ । जे सत्य छ त्यही शिव हो र जे शिव हो त्यही नै सुन्दर छ ।

शिव र नेपालको सम्बन्ध अनादिकालदेखि नै अन्योन्याश्रित छ । नेपाललाई परापूर्वकालदेखि नै देवभूमि र तपोभूमि मानिएको छ । शिवपुराण र हिमवत्खण्ड जस्ता पुराणहरूका अनुसार, हिमालयकी पुत्री पार्वतीको जन्मस्थल र शिवपार्वतीको क्रिडास्थल नै यो पुण्यभूमि नेपाल हो । नेपालको भौगोलिक बनावट र यहाँका हिमालहरू आफैँमा शिवका स्वरूप लाग्दछन् । मानसरोवर कैलाश पर्वतको प्रवेशद्वारका रूपमा रहेको नेपालले आध्यात्मिक ऊर्जाको केन्द्रका रूपमा काम गरिरहेको छ । नेपाली संस्कृति, चाडपर्व र जनजीवनमा शिव यसरी भिजेका छन् कि हरेक सोमबारका व्रतदेखि महाशिवरात्रिको भव्य उत्सवसम्म शिवकै महिमा गुञ्जिन्छन् । शिवको व्यापकता ब्रह्माण्डभरि भए तापनि नेपाल त्यो विशेष भूमि हो जहाँ महादेवको प्रत्यक्ष स्पर्श र आशीर्वाद महसुस गर्न सकिन्छ । नेपालको माटो र ढुङ्गामा शिवको वास छ भन्दा कुनै अतिशयोक्ति हुँदैन । शिव र शक्तिको यही सङ्गमले नै नेपाललाई आध्यात्मिक शान्तिको देश र विश्वकै एउटा अद्वितीय पवित्र भूमि बनाएको छ ।

भगवान् शिवले मृगरूप धारण गरेर विचरण गरेको श्लेष्मान्तक वन र किराँतेश्वर महादेवका रूपमा अर्जुनलाई दर्शन दिएको पावन भूमि पनि यहीँ पर्दछ । नेपालमा शिव तत्त्वको उपस्थितिलाई यहाँका अनगिन्ती मठमन्दिरहरूले प्रमाणित गर्दछन् । काठमाडौँको बागमती नदी किनारमा अवस्थित श्रीपशुपतिनाथ ज्योतिर्लिङ्ग सदा पूजनीय छ । जसलाई सम्पूर्ण विश्वका हिन्दूहरूले आफ्नो सर्वोच्च आस्थाको केन्द्र मान्दछन् । पशुपतिनाथको अस्तित्वले नेपाललाई विश्व मानचित्रमा शिवको देश भनेर चिनाएको छ । पशुपति मात्र होइन, भक्तपुरको डोलेश्वर महादेव, खोटाङको हलेसी महादेव, गोसाइँकुण्ड, मुक्तिनाथ क्षेत्र, धरानको पिण्डेश्वर तथा मकवानपुरको नटारम्भेश्वर (लट्टारम्भेश्वर) जस्ता तीर्थस्थलहरूले नेपाललाई शिवमय बनाएका छन् ।

अनन्त ब्रह्माण्डका अधिपति भगवान् शिवको क्रीडास्थलभूमि नेपालको महिमालाई स्कन्दपुराणको हिमवत्खण्डमा बडो अद्भूत ढङ्गले चित्रण गरिएको छ । हिमवत्खण्डमा ६४ लिङ्ग(सिद्धलिङ्ग, ज्योतिर्लिङ्ग)को वर्णन गरिएको छ । पूर्वजन्मको कूकर्मका कारण कुष्ठरोगबाट ग्रस्त भएका विरूपाक्षले महापापको प्रायश्चित्तका लागि कौशिकीको तटमा तपस्यारत नेमुनि(जसको नामबाट नै नेपाल देशको नाम रहन गयो)सँग उपाय मागेपछि उहाँले तीर्थाटन र चौसठ्ठी शिवलिङ्गको दर्शन गर्न उपदेश दिनुहुन्छ । नेमुनिका अनुसार श्रद्धापूर्वक लिङ्गहरूको दर्शन र जलस्पर्श गर्नाले मानव जीवनका सम्पूर्ण पुराना पापहरू नष्ट हुन्छन् र भविष्यमा पनि पापको लेप लाग्दैन । तिनै ६४ लिङ्गक्षेत्र र तीर्थको महत्त्व बुझ्ने इच्छाले विरूपाक्षले प्रश्न गरेपछि नेमुनिले वर्णन गर्नुभएको हो । कुशेश्वर, भीमेश्वर, काफीश्वर, कश्यपेश्वर आदि ६४ लिङ्गहरू मध्येको १६औँ नटारम्भेश्वर हो ।

पौराणिक कालमा जब देवताहरू भगवान् शिवको साक्षात् दर्शनको अभिलाषामा त्रैलोक्यमा भौँतारिरहेका थिए तब सृष्टिकर्ता ब्रह्माजीले उनीहरूलाई पञ्चभूतका स्वामी शिवको सर्वव्यापकता र उहाँलाई पाउने सहज मार्गको बोध गराउनुभयो । ब्रह्माजीको आज्ञाले पुलकित भएका देवताहरूले नेपालको पावन त्रिकूट पर्वतमा पुगेर केवल आराधना मात्र गरेनन् बरू गीतसंगीत र नृत्यको माध्यमबाट आफ्नो अन्तःकरणलाई शिवमय तुल्याउने प्रयास गरे । देवताहरूको त्यो दिव्य भक्तिसंगीतबाट भगवान् शिव स्वयं

नृत्य गर्दै अर्थात् नटेश्वर स्वरूपमा प्रकट हुनुभयो ।

प्रणेमुर्देवताः भक्त्या नृत्यन्तं तं मुहुर्मुदा ।
स्तवैर्गीतैस्तथा वाद्यैरसेवन्त नटेश्वरम् ॥ (स्क.पु.हि.ख.१०५।२१)

यो श्लोकले भक्त र भगवान्बीचको एउटा यस्तो क्षणलाई दर्शाउँछ जहाँ भक्ति नै शक्ति बनेर प्रकट हुन्छ । देवताहरूले वाणीलाई 'स्तवन'मा, गलालाई 'गीत'मा र हातहरूलाई 'वाद्यवादन'मा समर्पित गर्दै नटेश्वर शिवको सेवा गरे । यसको गहिरो भाव यो हो कि जब मानिसले आफ्ना सम्पूर्ण कर्म र कलालाई ईश्वरको चरणमा अर्पण गर्दछ तब मात्र शिवको साक्षात्कार सम्भव हुन्छ । देवताहरूको यो अटूट सेवा र प्रारम्भदेखि नै गरिएको निष्काम समर्पणबाट प्रसन्न भई स्वयं महादेवले यस लिङ्गको नामाकरण र यसको महत्त्वका बारेमा यसरी आज्ञा गर्नुभयो–

युष्माभिः सेविता लोकाश्चाऽऽरम्भान्मे नटस्य च ।
एतल्लिङ्गं वदिष्यन्ति नटारम्भ इतीह ते ॥ (स्क.पु.हि.ख.१०५।२६)

हे देवताहरू ! तिमीहरूले मेरो नृत्यको आरम्भदेखि नै जुन तन्मयताका साथ मेरो सेवा गर्‍यौ त्यसैको स्मरण स्वरूप यो लिङ्गलाई यस लोकमा मानिसहरूले 'नटारम्भ' का रूपमा पुज्नेछन् । त्यही नटारम्भ शब्दमा नै ईश्वर शब्दको संयोजन भएर नटारम्भेश्वर भएको हो । 'नटारम्भ' नामले नै यो सिद्ध गर्छ कि यो क्षेत्र सृष्टिको लय र गतिको उद्‌गम स्थल हो भन्दा फरक नपर्ला । यस पावन स्थलको महिमा यतिमा मात्र सीमित छैन । नृत्येश्वरले यहाँ अवस्थित 'ब्रह्मतीर्थ' मा स्नान गरी भक्तिपूर्वक त्रिकुट पर्वत आरोहण गर्ने भक्तले पाउने अन्तिम लक्ष्य अर्थात् मोक्षको बारेमा पनि वर्णन गर्नुभएको छ ।

ब्रह्मतीर्थे मुदा स्नात्वा चाऽऽरुह्यैनं गिरिं मुदा ।
स्मृशति लिङ्गमेतद्यो मद्रूपोऽसौ न संशयः ॥
(स्क.पु.हि.ख.१०५।२८)

अर्थात् ब्रह्मतीर्थमा स्नान गर्नु भनेको बाहिरी शरीर मात्र शुद्ध गर्नु होइन बरू सांसारिक मोह र विकारलाई धोएर अन्तःकरणलाई निर्मल तुल्याउनु हो । खुसीका साथ त्रिकूट पर्वतको आरोहण गर्नु भनेको जीवनका कठिनाइहरूलाई छिचोल्दै उच्च चेतनातर्फ लम्किनु हो । जब निर्मल मन भएको भक्तले यस दिव्य लिङ्गको स्पर्श



गर्दछ वा भक्तिपूर्वक स्मरण गर्दछ तब ऊ शिवपद अर्थात् परम् पदमा लीन हुन्छ ।[१] यसै अध्यायमा उल्लेखित देवशर्मा नामका ब्राह्मणको कथाले यो कुरालाई थप पुष्टि गर्दछ । अनेकौं कष्टपूर्ण योनिहरू भोगेका देवशर्माले अन्त्यमा यही क्षेत्रको शरणमा आएर मोक्ष प्राप्त गर्नुले के सिद्ध गर्दछ भने साँचो भक्ति र तीर्थको महिमाले मनुष्यको प्रारब्धलाई समेत बदल्ने सामर्थ्य राख्दछ । नेपालको यो धार्मिक विरासत केवल एउटा कथा मात्र होइन बरू यो त संगीत, कला र पूर्ण समर्पणको माध्यमबाट ईश्वरत्व प्राप्त गर्ने एउटा जीवन्त मार्ग हो ।

## नटारम्भेश्वर कि लट्टारम्भेश्वर ?

पौराणिक कालमा भगवान् शिवकी पत्नी सतीदेवीले आफ्नो देहत्याग गरेपछि शोकाकुल बन्नुभएका महादेवले उनको पार्थिव शरीर बोकेर हिँड्ने क्रममा यसै स्थानमा सतीदेवीको जट्टा अर्थात् टाउकाको कपाल पतन भएको थियो । लट्टा वा जट्टा खसेको यही ऐतिहासिक र आध्यात्मिक कारणले गर्दा नै यस पवित्र भूमिको नाम लटारम्भेश्वर महादेव रहन गएको हो भन्ने भक्तजनहरूको भाव रहेको पाइन्छ । कतिपय विद्वान्हरूले भने सतीदेवीको जट्टा वा लट्टा नभएको हुनाले यस्तो मिथक सत्य नभएकाले लटारम्भेश्वर नभई नटारम्भेश्वर नै रहेको व्यक्त गर्नु भएको छ ।

स्थानीय किम्बदन्ती अनुसार यही पावन भूमिमा भगवान् शिवले आफ्ना परम भक्त तण्डु ऋषिलाई अलौकिक ताण्डव नृत्य सिकाउनुभएको थियो । तण्डु ऋषिले शिवजीबाट यो नृत्य सिकेर संसारमा यसको प्रचार

प्रसार गरेका थिए । संस्कृतमा नृत्यलाई नट शब्दले पनि वर्णन गरिन्छ । भगवान् शिवले नट अर्थात् ताण्डव नृत्यको रहस्य उजागर गरी लोकमा नृत्य आरम्भ गर्नु भएकाले नै यस स्थानलाई नटारम्भेश्वर महादेव नामले चिन्ने गरिन्छ । यो तर्क भावका वा नामका दृष्टिमा शुद्ध भए पनि प्रमाण वा खोज बाँकी नै रहेको देखिन्छ ।

कसै कसैले नटारम्भेश्वर शब्द बारम्बार भन्दा भन्दै अपभ्रंश भएर नै लटारम्भेश्वर वा लट्टारम्भेश्वर भएको हो भन्ने गरेको पनि सुनिन्छ । उल्लेखित लोकोक्तिहरू भावना वा भनाइका दृष्टिले राम्रा र उत्तम भएपनि यस विषयमा थप अध्ययन अनुसन्धान गर्न बाँकी छ । यस विषयमा सबैको ध्यानाकर्षण भई आगामी दिनमा थप अध्ययन अनुसन्धानहरू भएर थप प्रमाणहरू आउन आवश्यक छ ।

## भौगोलिक अवस्थिति

काठमाडौँको कोलाहलबाट करिब ५५ किलोमिटरको दूरी पार गरेपछि मकवानपुर र ललितपुर जिल्लाको सीमानामा अवस्थित बागमती नदीको बगुवा भन्ने स्थानबाट एउटा अलौकिक यात्राको आरम्भ हुन्छ । समुद्र सतहदेखि लगभग करिब १९०० मिटरको उचाईमा विराजमान श्री नटारम्भेश्वर (प्रचलित लट्टारम्भेश्वर) महादेव मन्दिर केवल एक भौगोलिक उचाई मात्र होइन बरू पौराणिक ६४ सिद्ध लिङ्गहरूमध्ये १६औँ स्थानमा पर्ने एक अत्यन्त शक्तिशाली र जागृत पीठ हो । सवारी साधनको यात्रापछि सुरू हुने जङ्गलको पैदल उकालो, चराचुरूङ्गीहरूको मधुर कलरव र जडीबुटीयुक्त हावाको स्पर्शले यात्रीलाई यो धर्तीमै स्वर्गानुभूति गराउँछ । यहाँको शान्ति यति गहिरो छ कि लाग्छ यहाँ पुगेपछि समयको गति नै रोकिएको छ ।

यो ओझेलमा परेको दिव्य भूमिलाई उजागर गर्न र यसको गरिमालाई जोगाउन स्थानीय बासिन्दाहरूको भूमिका अतुलनीय छ । विशेष गरी सत्यदेवी माताको तपस्या र समर्पणले यस स्थानलाई आध्यात्मिक पारखीहरूका माझ पहिचान दिएको छ । मन्दिर व्यवस्थापन समितिको सक्रियता र स्थानीयहरूको अहोरात्र खटाइमा आज यो विश्वसामु प्रचार प्रसारमा जुटिरहेको छ । उकालो बाटोमा बनाइएका सिँढीहरू र पूर्वाधारहरूले भक्तजनको यात्रालाई सहज त बनाएका छन् नै साथै प्रकृतिको संवेदनशीलतालाई जोगाउँदै यसको मौलिकतालाई कायम राख्ने प्रयास पनि



प्रशंसनीय छ ।

पहाडको शिरमा फहराइरहेका राष्ट्रिय झण्डा, धार्मिक ध्वजाहरू र ठूलो त्रीशूलले भक्तको मनमा गर्व र श्रद्धा दुवै पैदा गर्दछन् । यात्राको अन्तिम प्राप्ती भनौँ वा उद्देश्य तब मात्र पुरा हुन्छ जब त्यस त्रिकुट पर्वतको टापुमा त्रिकुटाकारमा नै रहनुभएको शिवको दिव्य(विग्रहको) दर्शन मिल्दछ । अर्थात् त्यस भूमिको मुख्य शिला भगवान् शिवको विग्रह पनि ३ चुच्चे आकारमा नै रहेको छ । यहाँ पुग्दा महसुस हुने शीतल ऊर्जा र शिखरबाट देखिने असीमित हरियालीले मानिसलाई सांसारिक तनावबाट मुक्त गरी ईश्वरीय साक्षात्कार गराउँछ । प्रकृतिको यो विशाल मन्दिरमा पुग्दा जो कोहीले पनि महसुस गर्दछन् कि नटारम्भेश्वर केवल एउटा गन्तव्य होइन बरू यो त प्रकृतिको काखमा लुकेको एउटा यस्तो मन्दिर हो जहाँ अध्यात्म, भूगोल र मानवीय आस्थाको सुन्दर त्रिवेणी बगेको छ । प्रकृतिको दिव्य गर्भगृहमा दैवी शक्तिको उर्जानुभूति गर्नु आफैँमा एउटा अहोभाग्य हो ।[२] ❖

[१] वास्तवमा त्यस स्थानको विशेषता भनौँ वा पूजा भनेको त्यस स्थानमा गएर भगवान्‌को भजन कीर्तन गाएर बाद्यवादनादि बजाएर नाच्नुनै रहेको छ र त्यसरि भजन कीर्तन गरेर नाच्नाले मुक्ति पाउने कुरा स्वयं नटेश्वरले नै भन्नुभएको छ ।

नर्तनेन सकृद्यो मां वाद्यगीतैश्च सेवते ।

अद्यप्रभृति तञ्चाऽहं तारये दुःखसागरात् ॥ (स्क.पु.हि.ख.१०५।२५)

[२] त्यहाँ सम्म पुग्न गाह्रो हुने वा असामर्थ्य भक्तहरूका लागि त्यसै मन्दिरको शिला ल्याएर सू.न.पा. १० भङ्गाल, भक्तपुर साँगामा त्यसै मन्दिरको शाखा मन्दिरका रूपमा नटारम्भेश्वर र सतीदेवीको भव्य मन्दिर पनि निर्माण गरिएको छ ।

–चावहिल, काठमाडौं

# श्रीस्वस्थानी व्रतकथामा श्रीविष्णु



- डा. विनु बाबा अर्याल

हाम्रो सनातन धर्म अन्तर्गत प्रचलित सम्प्रदायहरूमा देवताहरूको सङ्ख्या धेरै नै छ । ती अन्तर्गत जसलाई प्रमुख देवता माने पनि सबै धार्मिक सम्प्रदायहरूको अन्तिम उद्देश्य एउटै हो- मान्छेलाई आध्यात्मिक मार्गतिर डोऱ्याउने, ईश्वरीय आनन्दको लक्ष्यमा पुग्न प्रेरित गर्ने र आसुरी शक्तिलाई विनाश गर्ने । वेदले उपेन्द्र नामबाट सम्बोधन गरिएका भगवान् विष्णुले वामनको रूप धारण गरेर इन्द्रको राज्य छिनेर र ब्राह्मणको भेष बदलेर तीन पाइला पृथ्वीको माग गरी पृथ्वी, अन्तरिक्ष र द्युलोक नाप्नुभयो । जसबाट उहाँलाई समस्त सृष्टिको प्रतीकको रूप मानिन्छ ।

यजुर्वेदमा विष्णुको महिमालाई यसरी वर्णन गरिएको छ- सर्वव्यापक विष्णुले यस चराचर विश्वलाई विभक्त गरी प्रथम पृथ्वी, दोस्रो अन्तरिक्ष र तेस्रो स्वर्गको पदलाई समेट्नुभयो । यिनै विष्णुको पाइलामा विश्व अन्तर्भूत छ । हामी यिनै परमात्माको लागि हवन प्रदान गर्दछौं । ऋग्वेद(१/५५) मा उहाँको पराक्रमको वर्णन छ भने यजुर्वेदमा उहाँलाई यज्ञको रक्षक भनिएको छ । यज्ञ शब्दको तात्पर्य बारे दयानन्दले यजुर्वेदको अध्याय १ को दोस्रो मन्त्रको भाष्यमा लेखेका छन् । अतः यज्ञको अर्थ मान सम्मान (पूजा) सत्संग (सत्यसेवा र सत्यज्ञान) र दान (उपकार त्याग समर्पण) तथा योगदान हुन्छ ।

ऋग्वेद १०/१८/१३ मा भनिएको छ- तानि धर्माणि प्रथमान्यासन। त्यो नै प्रथम धर्म थियो । त्यसैको धारण संरक्षण विष्णुले गर्नुहुन्छ । उहाँले धर्मलाई सम्हाल्नुहुन्छ, धारण गर्नुहुन्छ । विष्णु सत्य हो, उहाँ सर्वत्र व्यापक हुनुहुन्छ । जो पृथ्वी, अन्तरिक्ष, भूर्लोक, भूवर्लोक, स्वर्गलोकमा फैलिएका छन्, जसको तीन पाइलामा सारा सृष्टि समेटिएको छ, अत उहाँलाई त्रिविक्रम पनि भनिन्छ ।

भगवान् विष्णु सधैँ सर्वत्र सतर्क रहनुहुन्छ । उहाँको गति रोक्ने क्षमता कसैमा पनि छैन । उहाँ निरन्तर गतिशील र संघर्षरत भइरहनुहुन्छ । उहाँको दृष्टि सबैतिर लागिरहेको हुन्छ, ताकि कुनै नियम अव्यवस्थित नहोस् ।

विष्णु शेष शैयामाथि विराजमान हुनुहुन्छ । सर्प संहारको शक्ति, क्रोध र शत्रुताको प्रतीक हो । उहाँ हजार फडा भएको शेषमाथि शान्तिपूर्वक शयन गर्नुहुन्छ । भगवान् विष्णु भृगु ऋषिको लात सहेर पनि हाँसिरहनु हुन्छ । धन ऐश्वर्य लक्ष्मीको दुरूपयोग गर्नु हुन्न । देवीको अर्थात् ऐश्वर्यको नियन्त्रणमा नरही उल्टै देवीलाई आफ्नो नियन्त्रणमा राख्नुहुन्छ । भोगमा त्यागको उदाहरण उहाँको हातको कमलले स्पष्ट पार्दछ । जो यस व्यवहारको प्रतीक हो ।

भगवान् विष्णु आफ्नो चतुर्भुज रूपबाट जीवनको लक्ष्य धर्म, अर्थ, काम र मोक्षप्रति ध्यान दिनुनुहुन्छ । चार दैविक गुणहरूमा निस्वार्थता, सहिष्णुता, निरअहंकारता र प्रेमको विकासद्वारा आसुरी प्रवृत्तिबाट सुरक्षित रहने शिक्षा प्राप्त हुन्छ । उहाँको अष्टभुजाले स्वास्थ्य, विद्या, धन, व्यवस्था, संगठन, यश, सौर्य र सत्यको शक्तिहरूलाई निर्देश गरेको हुन्छ । विष्णु चक्ररूपी मनलाई आफ्नो औलामा नचाएर राख्नुहुन्छ किनकि मनलाई नियन्त्रणमा राख्नुहुन्छ । चक्र संकल्पको रूप हो । संकल्पलाई दृढ राख्नुपर्दछ । यो क्रियाशक्तिको प्रतीक हो । उहाँ निरन्तर परिश्रम गर्न प्रेरणा दिनुहुन्छ । किनभने क्रियाशीलता विकासको आधारशिला हो । यस्ता बहुआयामिक गुणले सजिनुभएको विष्णुको भूमिका श्रीस्वस्थानी व्रतकथामा स्तुतियोग्य छ ।

स्वस्थानीकथामा उहाँले शिवशक्तिमा आफूलाई लिन गराई हर क्षण तदारूकताका साथ सेवामा तल्लीन रहनुभएको हामी पाउँदछौं । बाबा भोलेनाथको फाइदा लिनेहरू कसैलाई पनि उहाँले छोड्नुभएको

छैन । श्रीस्वस्थानी व्रतकथाका विभिन्न अध्यायहरूमा उहाँले गर्नुभएको समर्पित सेवाले गर्दा हामी भन्न सक्छौं कि श्रीस्वस्थानी व्रतकथा शिव पार्वतीको मात्र भूमिकामा रचिएको होइन। भगवान् विष्णुको सशक्त भूमिकाले शिव र पार्वतीको कथालाई जीवन्तता दिएको छ। भगवान् विष्णुले निर्वाह गर्नुभएको विभिन्न भूमिकाहरूलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

व्रतकथाको दोस्रो अध्यायमा सृष्टिकै निरन्तर व्याख्या रहेको पाइन्छ तर यस अध्यायमा १४ भुवनदेखि दैत्य एवम्



देवताहरूको उत्पत्ति बारेको चर्चा बढी देखिन्छ। विष्णुको नाभिदेखि सहस्त्रदल कमल उत्पन्न भयो। त्यसै कमलमा ब्रह्मा उत्पन्न भएर संसारको सृष्टि गर्ने विचार गर्न लागे। त्यसै बखतमा विष्णुका कानेगुजीदेखि बडा वीर पराक्रमी मधु र कैटव नामका दुई दैत्य जन्मे। कमलको डाँठबाट माथि गई ब्रह्मालाई देखेर तिनलाई खसाल्न तयार भए। यो देखेर ब्रह्माबाट योगमायालाई गुहारेर विष्णुलाई जगाउने काम भयो। दिव्य पाँच हजार वर्षसम्म जलमा घनघोर लडाइ भयो । तैपनि भगवान् विष्णुले मधु र कैटव दैत्यलाई जित्न सकेनन्। दैत्यहरूको वीरता देखेर विष्णुले खुसी भई वर माग भन्नुभयो । अहंकारी दैत्यले तिमीले हामीलाई वर दिने होइन हामी तिमीलाई वर दिन्छौं भनी ललकारे । त्यसपछि विष्णुले हुन्छ, म तिमीहरूसँग वाचा बन्धन गरेर मात्र बर माग्छु भन्नुभयो। सर्त राख्दा उनीहरूले स्वीकारे । विष्णुले मेरो हातबाट तिमीहरूको मरण होस् भनी बर माग्नुभयो। विष्णुले यस्तो बर मागेको देखेर तिमी कपटी रहेछौ, तर हामी वाचामा हारिसकेकोले तिम्रो बरलाई स्वीकार्छौं, तर हामीलाई पानी भएको ठाउँमा मार्न पाउँदैनौं भने । ती दैत्यहरूले सबैतिर पानी पानी देखेर बठ्याई गरी पानीमा नमार्न भनेका थिए तर विष्णुले त्यो बुझी काखमा राखी सजिलैसित मार्नुभयो ।

तेस्रो अध्यायमा दक्ष प्रजापतिकी छोरी सतीदेवीलाई पाउन महादेवले प्रयत्न गरेको तर दक्ष प्रजापतिले अनेक निन्दा गरेर आफूलाई सतिदेवी नदिएको प्रसङ्ग छ। त्यही प्रसङ्गबाट श्रीस्वस्थानी व्रतकथाले नयाँ गति लिएको देखिन्छ । दक्ष प्रजापतिले आफूलाई अधिक निन्दा गरेर सतीदेवी नदिएपछि शिवजीले भगवान् विष्णुको समीपमा पुगेर दक्ष प्रजापतिको निन्दायुक्त व्यवहारको बेलीविस्तार लगाउनुभयो । विष्णुले सतीदेवी आफ्नो लागि मागेर कन्यादान लिने बेला छल गरी महादेवको हातमा पारिदिने वाचा गर्नुभयो। निर्धारित समयमा विष्णुले आफ्नो मायाले छोपी दक्ष प्रजापतिको आँखा छली सतीदेवीको हात संन्यासी रूप महादेवको हातमा पारिदिनुभयो। दक्षले तिमी कपटी रहेछौ, तिम्रो विश्वास गर्दा मेरी छोरी सतिदेवी यस्ताको हातमा परी भनी विष्णुलाई गाली गर्दै थिए, दक्षको गालीलाई सुन्दै नसुनी विष्णु महादेवसँग बिदा भएर बैकुण्ठ जानुभयो। यो सन्दर्भ तेस्रो अध्यायमा समेटिएको छ।

सातौं अध्यायमा सतीदेवीले यज्ञकुण्डमा हामफालेर देह त्याग गरेको घटना नारदमुनिबाट सुनेर विक्षिप्त हुनुभएका महादेवले त्यसको बदला लिन महाकाली वीरभद्र प्रकट गराई दक्ष प्रजापति र उनका सेनाहरू माथि आक्रमण

गरेको चर्चा छ । दुवैतर्फबाट घमासान युद्ध भयो । विष्णुले वीरभद्रको छातीमा कौमदी गदा प्रहार गर्नुभयो । वीरभद्र मूर्छा परे । उनी मुर्छा पर्दा दक्षका सेनाहरूको खुसीको ध्वनिको आवाजले वीरभद्र ब्युझेर त्रिशुल उठाई विष्णुको छातीमा प्रहार गरे । वीरभद्रको सेनाको जय जयकार शब्दबाट बिउँझिएपछि विष्णुले वीरभद्रमा सुदर्शन चक्र छोडिदिनुभयो । वीरभद्रले त्यो चक्र आएको देखेपछि मुख बाएर सलक्क निल्न तयार भए । त्यो देखि विष्णुले चाँडै दगुर्दै वीरभद्रको मुखदेखि सुदर्शन चक्र झिकी त्यहाँबाट अन्तर्धान भई बैकुण्ठ जानुभयो ।



नवौं अध्यायमा सतीको वियोगबाट विक्षिप्त भएका महादेवले आफ्नी मृत पत्नी सतिदेवीको लाश बोकेर हिँडिरहेकोमा दुखित भएका देवताहरूको आग्रह स्वरूप विष्णु भगवान्ले सतिदेवीको शरीर गलाएर फाल्ने उपाय निकाल्न झिङ्गा उत्पन्न गराएको त्यसपछि सतीदेवीको शरीरका विभिन्न भागहरू विभिन्न ठाउँमा झर्न लागेको र जहाँजहाँ अङ्ग झरेको छ त्यहाँ महादेवको ज्योतिर्लिङ्ग उत्पत्ति भएको प्रसङ्ग छ ।

बाह्रौं अध्यायमा प्रवेश गरेपछि स्वस्थानी व्रतको प्रसङ्ग आरम्भ भएको सिलसिलामा हिमालय तथा मेनकाले आफ्नी पुत्री पार्वतीलाई भगवान् विष्णुलाई कन्यादान दिन खोज्दा महादेवको आसक्ति दर्शाएर पार्वतीले विष्णुसँग विवाह नगरेको र विष्णुले महादेव स्वामी प्राप्त गर्न स्वस्थानी माताको व्रत बस्ने सुझाव दिए अनुरूप पार्वतीले महादेव स्वामी प्राप्त गर्न श्रीस्वस्थानी व्रत बसेको प्रसङ्ग छ ।

सोह्रौं अध्यायमा रावणले देखाएको भक्तिबाट प्रसन्न हुनुभएका महादेवले दिनुभएको वरदान स्वरूप रावणले पार्वती मागेर लगेको र विष्णुले छल गरी पार्वती फिर्ता ल्याएको, जालन्धरले पार्वतीलाई पाउन शिवरूप धारण गरी छल गरेको, विष्णुले जालन्धरको पत्नी वृन्दाको सतित्व लगाउने संकल्प लिएको सन्दर्भ पाइन्छ ।

सत्रौँ अध्यायमा जालन्धरकी पत्नी वृन्दाको सतित्व नडगाई जालन्धरको अन्त्य नहुने भएपछि विष्णुले जालन्धरको रूप धारण गरी गएकोमा वृन्दाले आफूमाथि विष्णुले छल थाहा पाएर उल्टै वृन्दाबाट विष्णु थुनिनु परेको र महादेवले वृन्दाको थुनाइबाट विष्णुलाई एक भिक्षुक पठाई मुक्त गरेका, यस कार्यको बदला लिन महादेव र जालन्धरको युद्ध भइरहँदा जालन्धरलाई हराउन फेरि विष्णुले जालन्धरको भेषबाट वृन्दाको सतित्व हरण गरेपछि जालन्धरको मृत्यु भएको प्रसङ्ग छ । वृन्दाको पतिव्रता धर्मले जालन्धरमा देखा परेको आसुरीवृत्तिलाई नष्ट गर्नु थियो । अपराधिहरूलाई दमन गरी धर्म स्थापनाको लागि भगवान् विष्णुले जालन्धरको भेषमा वृन्दाको पतिव्रता नष्ट गर्नुभयो । अनि महादेवलाई जालन्धर वध गर्न सजिलो भयो । किनकि पतिव्रता धर्मको पालना गर्नलाई पतिको पनि आचरण शुद्ध हुनुपर्दछ, यसको सन्देश यही हो ।

१८औँ अध्यायमा वृन्दाले आफूमाथि छल गरी पति जालन्दरको हत्या भएकोमा विष्णुलाई तुलसी, कुश, पिपल, शालिग्राम भएर रहन भन्ने श्राप दिइन् । त्यसै हुनाले यिनको पूजा गर्ने परम्परा रहिआएको छ । उमाको आदेशले स्वस्थानी परमेश्वरीको व्रत गराई दुःखीहरूको उद्धार गरेको सन्दर्भलाई समेटिएको छ ।

चौबीसौँ अध्यायमा गोमा ब्राह्मणीले श्रीस्वस्थानी व्रत आरम्भ गर्दै गर्दा स्वस्थानी परमेश्वरी र महादेवको भक्तिपूर्वक पूजा गर्न थालेको, पूजा गर्दै पुत्र नवराज फर्की आओस् भनी स्तुति गरेको सन्दर्भ समेटिएको छ । त्यही व्रतको प्रभावले नवराज फर्की आएको तथा गङ्गा स्नान गर्दा हरिहर प्रकट भई नवराजलाई लावण्य देशको राजा हुने वरदान दिएको प्रसङ्ग देखिन्छ भने बाईसौँ अध्यायमा शिव शर्मा ब्राह्मण रूखमा चढेर फल टिप्न लाग्दा रूखको हाँगा भाँची खसेर उनको प्राण गयो । यसरी भुइँमा बजारिँदा शिव शर्माको पार्थिव शरीर त्यही रूखमुनि ढलिरह्यो तर उनको आत्मा भने महादेव बनेर कैलाशतर्फ लाग्यो । यसप्रकार आफ्नो श्राप अनुसारको फल प्रदान गरेर महादेव घर फर्कनुभएको प्रसंग यहाँ पाइन्छ ।

२५ औँ अध्यायमा लावण्य देशका लागि राजा खोज्ने क्रममा हिँडेका हात्तीले हरिहर प्रवेश गरी नवराजलाई अभिषेक गरेको, हात्तीको त्यस कार्यबाट अन्य क्षेत्रीयहरूले अन्यथा मानेर विभिन्न कुरा काट्दै हात्ती बौलायो भन्ने आक्षेप लगाए । अरूले ब्राह्मण क्षेत्री वैश्य शुद्र जो भए पनि उसका कर्मले कुलका धर्मले मातापिताको पुण्यले राजा हुने हो जातिले राजा हुने होइन । नारायणको अंश नभई ईश्वरको कृपा नभई कोही राजा हुन सक्दैन । त्यसैले जो राजा भयो आफ्ना पुण्यको प्रतापले भयो भनी चर्चा गरे । यस्तै चर्चा भइरहँदा हात्तीले आफ्नो सुनले नवराजलाई विभिन्न बस्त्रलंकारले सजाइदियो । त्यसपछि राज्यका गुरू पुरोहित र मन्त्रीले त्यस देशकी राजकुमारी लावण्यवती कन्याका साथ विधिपूर्वक विवाह गरी राजा बनाएको सन्दर्भ यस २५ औँ अध्यायमा समेतिएको छ । यसरी विभिन्न भूमिकाको निर्माणमा शिव, पार्वती, गणेश, विष्णु, ब्रह्मा आदि देव-देवीहरूको आफ्नो खेल मात्र हो । शिव र विष्णु भन्नु विष्णु र शिव भन्नु एउटै हुन् जो हुन् हरिहर । यही हरिहरको कथा नै श्रीस्वस्थानी व्रतकथाको सार हो ।

हामी वैदिक सनातनीहरूको श्री सम्पत्ति भनेकै पूर्वजले आफ्नो समयमा दिएको शिक्षा, ज्ञान, व्यवहार, संस्कृति हो । कुनै पनि समाजको सांस्कृतिक परम्पराले कुनै न कुनै प्रतिकारात्मक अर्थलाई समेटेको हुन्छ । हरेक सांस्कृतिक परिवेश अनुसार हरेक प्रतीकका आआफ्नै अर्थ रहने गरेको देखिन्छ । यसलाई नष्ट गर्नु हाम्रो धर्म होइन । जीवन र जगत्लाई सकारात्मक दिशामा लैजाने यी बाटोहरूले हाम्रो धर्म संस्कृतिलाई निरन्तरता दिइरहेको छ भन्ने हामीले मनन गर्न सक्नुपर्दछ ।

अन्त्यमा, पूर्वीय धर्मदर्शन र साहित्य हाम्रो आफ्नै अतीत हो । आफ्नै मौलिकता हो । अब यसलाई हाम्रो हो, अथवा हाम्रो पनि हो भने बुझाउनुपर्ने र दाबी गर्नुपर्ने बेला आएको छ । हाम्रो प्राचीन ज्ञान र विद्वताको विपुल राशिलाई दूषित पार्ने र मेट्ने काम तीन तत्त्व मिलेर गर्दैछन्; ती हुन् अन्ध कर्मकाण्ड, संस्कृति विरोधी उदण्डता र उग्र भौतिकवाद । अन्धकर्मकाण्डले त्यो विपुल राशिलाई साँघुर्‍याउँदै छ । सांस्कृतिक विरोधले त्यसलाई सुकाउँदै छ । चरम भौतिकवादले त्यसको प्राण लिँदैछ । अतः पूर्वीय वैदिक सनातनीय धर्मावलम्बीहरूले प्राचीनकालदेखि नै आफ्नो धर्म संस्कृति परम्परा रीतिरिवाजको संरक्षण सम्वर्धन गर्न अनेकौं ग्रन्थहरू तयार गरी एक पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्दै सांस्कृतिक परम्पराको रूपमा सार्दै आएकोलाई हामीले पनि यसको उद्देश्यलाई मनन चिन्तन गरेर अगाडि बढाएमा मात्र हाम्रो जीवन सुसंस्कृत संगठित र सार्थक हुन्छ ।

वैदिक सनातनीय हिन्दु संस्कृति परम्पराभित्र परेका देवीदेवताहरू, उनीहरूसँग सम्बन्धित कथा, चाडपर्व, रीतिरिवाजहरू आदिले हाम्रो वैज्ञानिक पुस्ता माथि ल्याएर सांस्कृतिक विषय वस्तुस्थिति खजाना यिनीहरूसँग सम्बन्धित तर्क वितर्क आस्था विश्वास गरेर आफ्नो सांस्कृतिक सम्पत्ति धरोहरलाई आँच आउन नदिएर समय सापेक्षरूपमा परिमार्जन गर्ने दायित्व हामीमाथि छ । हामीले बडो सोच विचार गरी पूर्वजलाई र आफू पछि आउने पुस्ताहरूलाई कडीको रूपमा जोडेर आफ्नो धर्म संस्कृतिको जगेर्ना गरेर बलियो बनाउनु पर्दछ । किनकि हाम्रो वैदिक सनातन हिन्दू संस्कृतिमा हरेक शास्त्र कथाहरू संस्कार र कर्मका पछाडि थुप्रै मान्यता र रहस्यहरू रहनुको साथै देवी देवताहरूको मूल्य मान्यता उहाँहरूको कुशलता र परिस्थितिलाई आंकलन गरेर समाधान गर्ने दिव्यताले नै मानवलाई जीवनको यात्रामा सफल किसिमबाट उत्रन ठूलो शिक्षा दिन्छ ।❖

-बत्तीसपुतली, काठमाडौं

# मानव शरीर र कर्मको गूढ विज्ञान



- भागवतश्री न्यौपाने

वैदिक ग्रन्थहरूले मानव जीवन, शरीर र कर्मको गूढ विज्ञानलाई गहन रूपमा व्याख्या गरेका छन् । यी ग्रन्थहरूले मानव शरीरलाई केवल भौतिक संरचना मात्र नभएर आत्मा, मन र विश्वचेतनासँग जोडिएको एक माध्यमका रूपमा प्रस्तुत गरेकाछन् ।

वेदान्त दर्शनको आधारमा मानव शरीरलाई तीन स्तरका संरचनाको रूपमा वर्णन गरिएको छः स्थूल शरीर (भौतिक शरीर), सूक्ष्म शरीर (मानसिक र प्राणिक शरीर) र कारण शरीर (कर्मको बीजरूपमा रहेको शरीर) । स्थूल शरीर पञ्चमहाभूतहरू (पृथ्वी, जल, अग्नि, वायु र आकाश) बाट बनेको छ, जसलाई कर्मको फलस्वरूप प्राप्त हुन्छ । सूक्ष्म शरीरमा मन, बुद्धि, चित्त र इन्द्रियहरू समावेश छन्, जसले कर्मको सङ्कलन गर्दछ । कारण शरीर भने कर्मको अज्ञान वा मायाबाट उत्पन्न हुन्छ, जसले पुनर्जन्मको चक्रलाई चलाउँछ ।

ऋग्वेदमा शरीरको उत्पत्ति र मृत्युको बारेमा उल्लेख छ । उदाहरणका लागि, ऋग्वेद (१.१६४.२०, १०.९.२०) मा परमात्मा, आत्मा र प्रकृतिका तीन दिव्य पदार्थहरूको वर्णन छ, जसले शरीरको जन्म र पुनर्जन्मलाई नियन्त्रण गर्दछन् । अथर्ववेदमा शरीरको चिकित्सकीय पक्षलाई पनि छोइएको छ, जसले आयुर्वेदको आधार बनेको छ । यसले शरीरलाई कर्मको फलस्वरूपको अशुद्ध संरचना मान्दछ, जसलाई शुद्ध गर्न ध्यान र योग आवश्यक छ ।

### कर्मको अवधारणा र प्रकृतिसाग सम्बन्ध

कर्मले नै संस्कारको निर्माण गर्दछ । कर्मले नै प्रारब्ध बनाउँछ । यही कर्म हो जसले संस्कार र प्रारब्ध दुवैको भोग गर्दछ । प्रकृतिको गुण नै कर्मको प्रवृत्ति हो । चन्द्रमा र मन कर्मको प्रतिनिधि हो । मन मानवसँग जोडिएको हुन्छ भने चन्द्रमा प्रकृतिसँग । मनले नै संकल्प गर्दछ । मनले नै विकल्प खोज्दछ । चन्द्रमा र मनको गुरूत्व सम्बन्ध छ । जसरी प्रकृतिका सबै तत्त्वहरूको आआफ्नो गुरूत्वाकर्षण केन्द्र हुन्छ त्यसैगरी यी दुवैको पनि नाभिकीय केन्द्रबिन्दु छन् । प्रकृतिका सबै तत्त्वमा ऊर्जा हुन्छ र सबै ऊर्जाको आफ्नो केन्द्रबिन्दु हुन्छ । सबै ऊर्जामा आफ्नो केन्द्रतिर या केन्द्रभन्दा बाहिर समाहित गर्ने या फैलने शक्ति हुन्छ । त्यसैले जे कुरा चन्द्रमामा घटित हुन्छ त्यही कुरा हाम्रो मनमा पनि हुन्छ । जे कुरा चन्द्रमामा हुन्छ त्यो कुरा पृथ्वीमा प्रभावित हुन्छ । सूर्यको पनि पृथ्वीमा प्रभाव पर्दछ । सबै कुनै न कुनै गुरूत्वाकर्षणमा गतिशील छन् । हर प्रारूपको आफ्नो नाभिकीय केन्द्र हुन्छ । त्यही केन्द्र नै शिव हो । त्यो कहिले शिव, कहिले शक्तिको रूपमा अलग हुन्छ त कहिले जोडिन्छ । त्यही नै ईश्वर हो, ब्रह्म हो, गड (God) हो ।

प्रकृतिको प्रत्येक कण शिव हो । प्रत्येक पदार्थ ब्रह्म हो । प्रत्येक तत्त्वमा ईश्वरको सत्ता छ । प्रत्येक जडताको स्थितिमा छन् त चेतनामा पनि छन् । प्रत्येकमा एकसाथ शिव र शक्तिको स्वरूप बोधित हुन्छ । मानवमा पनि यही हुन्छ । हरेक मानव शिव हो, ब्रह्मा हो, गड हो । मानव भित्रै शिव रहेका छन् र शक्तिको जागृति पनि । एउटाले निर्माण गर्दछ, अर्कोले विनाश अथवा प्रलय ! सबै ग्रह नक्षत्र ताराहरूको साथमा पनि यहि भैरहेको हुन्छ, बन्ने र भत्कने । त्यसले प्रकृति अत्यन्तै ब्यबस्थित छ भन्न सकिन्छ । कसैलाई सूर्यले ताप दिइरहेको हुन्छ भने कोहिलाई डढाइरहेको हुन्छ ।

मान्छेको आफ्नो स्वरूप छ, गति छ, दिशा छ, कर्म छ, बोध छ । कर्म गतिशील छ निर्माणतर्फ होस् या विनाशतर्फ ! मान्छेलाई यो कुराको अनुभूति हुन्छ नै । अनुभूति नै प्रज्ञा हो । स्वको अनुभूतिले सत्यको अभिव्यक्त गराउँछ, जुन शब्द बनेर प्रकट हुन्छ । र त्यो शब्द व्यक्त भएर

साकार रूपको निर्माण गर्दछ । शब्द दिशा र कालअनुसार निर्धारित छ । एकजनाको सत्य दोस्रोको लागि सत्य नहुन पनि सक्छ यदि त्यसमा अन्तर्हृदयको प्रेरणा, अन्तर्हृदयको देन छैन भने ।

मान्छेले सदा मन र बुद्धिको अनुकरण गर्दैआएको छ । मन र बुद्धि इन्द्रियहरूबाट प्रभावित छन् । इन्द्रिय जगत्सँग जोडिएको छ । जगत् आकाशसँग र आकाश ब्रह्माण्डसँग जोडिएको छ । ब्रह्माण्ड ब्रह्मसँग जोडिएको छ । ब्रह्म सूक्ष्मसँग जोडिएको छ । सूक्ष्म नै विराट हो । विराट नै सूक्ष्म हो । मानिस पनि भित्री र बाहिरी दिशातर्फ उन्मुख छ । दुबैमा कृया छन् । जे गतिशील छ त्यही नै कर्म हो । कर्म नै मानिसको धर्म हो, आफ्नो लागि या जगत्को लागि ।

मन चन्द्रमाबाट प्रभावित छ, चन्द्रमा पृथ्वीबाट र पृथ्वी सूर्यबाट । बुद्धिले चित्तको अनुकरण गर्दछ । बुद्धिमाथि बुध, गुरू र शुक्रको प्रभाव पर्दछ । चित्त ब्रह्मद्वारा सम्पादित हुन्छ र यसमाथि सूर्यको प्रभाव परेको हुन्छ । कुनै पनि अवस्थाको बोध गर्न, अनुभव गर्न र व्यक्त गर्नको लागि सबै जीवहरूको शरीर नै एउटा माध्यम हो । शरीरबाट नै जड र चेतनाको बोध हुन्छ । प्रकाश र अध्यारोको अनुभव हुन्छ । शरीरले नै तन्मयताहरूको बोध गराउँदछ । यदि शरीर छैन भने उसको लागि केही पनि छैन । न त्यहाँ प्राण हुन्छ, न जगत् हुन्छ, न आकाश हुन्छ, न ईश्वर नै हुन्छ । शरीरबाटै अन्तकरणको प्रक्रिया सुरू हुन्छ । शरीर छ भने मात्र ज्ञानेन्द्रिय छ, कर्मेन्यिद्र छ र यसैबाट सूक्ष्म इन्द्रियको बोध हुन्छ । शरीरलाई भित्री संसारको रूपमा भावको प्रवाहमा धारण गरिन्छ । शरीरले काम गरिरहेको छ, देखिरहेको छ, सुनिरहेको छ, पढिरहेको छ, महसुस गरिरहेको छ । यसलाई बाह्य जगत् भनिन्छ । यी दुवै परिस्थितिहरूमा मानिस जोडिएको हुन्छ । अतित जहाँ निर्माण भएको थियो वर्तमान जो अहिले काम गरिरहेको छ र भविष्य जुन जोडिने प्रयत्न गरिरहेको छ ।

## वैदिक विज्ञानमा शरीर र कर्मको सम्बन्ध

वैदिक विज्ञानमा शरीर कर्मको माध्यम हो । शरीर कर्म गर्ने औजार हो र कर्मले शरीरको स्वरूप निर्धारण गर्दछ । उपनिषद्हरू अनुसार, शरीर कर्मबाट उत्पन्न हुन्छ र यसले आत्मालाई बाँध्छ । बृहदारण्यक उपनिषद्मा कर्मलाई दुःखको मुख्य कारण मानिएको छ, जसले पुनर्जन्मको चक्र चलाउँछ । ऋग्वेद र अन्य वेदहरूमा पुनर्जन्मको उल्लेख छ, जसले शरीरलाई अस्थायी मानेर आत्माको अमरता जोड्छ ।

यो गूढ विज्ञानले भौतिक र आध्यात्मिक स्वास्थ्यलाई जोड्छ । उदाहरणका लागि, कर्मको प्रभावले रोगहरू उत्पन्न हुन्छन्, जसलाई कर्मफलको रूपमा हेरिन्छ । भगवद्गीतामा (अ ४-१७) भनिएको छः "ज्ञानयज्ञरूपं तत् कर्म अज्ञानतोऽधिकतर"- अर्थात् कर्मलाई ज्ञानसँग जोडेर गर्नु उत्तम हो । यसले शरीरलाई कर्मयोगको माध्यम बनाउँछ । वैदिक दर्शनले शरीरलाई पञ्चकोष (अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय) को रूपमा पनि वर्णन गर्दछ, जसले कर्मको बहुआयामिक प्रभाव देखाउँछ ।

वैदिक दर्शनअनुसार, मानव शरीर पञ्चमहाभूतहरू (पृथ्वी, जल, अग्नि, वायु, र आकाश) बाट निर्मित छ । यी तत्त्वहरूले शरीरको भौतिक संरचनालाई बनाउँछन्, तर शरीर केवल भौतिक तत्त्वहरूको संयोजन मात्र होइन । छान्दोग्य उपनिषद् (६.५-६.६) मा शरीरलाई पञ्चकोशको माध्यमबाट व्याख्या गरिएको छः

अन्नमय कोशः यो शरीरको भौतिक तह हो, जुन अन्न (खाना) बाट बनेको हुन्छ । प्राणमय कोशः यो जीवन शक्ति (प्राण) को तह हो, जसले श्वास र ऊर्जालाई नियन्त्रित गर्छ । मनोमय कोशः मन र भावनाहरूको तह, जसले विचार र संवेगलाई समेट्छ । विज्ञानमय कोशः बुद्धि र विवेकको तह, जसले निर्णय र चेतनालाई प्रभावित गर्छ । आनन्दमय कोशः यो आत्माको तह हो, जुन शुद्ध चेतना र आनन्दको अवस्था हो । यी कोशहरूले मानव शरीरलाई आत्मा र विश्वको बीचको सेतुका रूपमा प्रस्तुत गर्छन् । वैदिक दर्शनमा शरीरलाई कर्मको क्षेत्र मानिन्छ, जहाँ आत्माले आफ्ना कर्महरूको फल भोग्छ र नयाँ कर्महरू सिर्जना गर्छ ।

सृष्टि प्रलय आदि सबैलाई क्रियान्वित गराउने अन्तकरण चार छन्- मन, बुद्धि, चित्त र अहंकार । यी चारैवटाको आफ्नो गति र स्थान छ, जहाँ जीव जगत्लाई प्राप्त गर्नको लागि आत्माको सहयोग लिएर जीवात्मा बनेको हुन्छ । जीवात्माले कस्तो शरीर धारण गर्ने भन्ने कुरा संस्कारको अनुकूल हुन्छ ।

जस्तो बिउ हुन्छ त्यस्तै वृक्ष हुन्छ भनेर महाभारतमा भनिएको छ । जसरी मानिसले कर्म गर्दछ, त्यसै अनुसार उसले शरीर पाउँछ र उसको जीवन पश्चातको स्थिति निर्धारण हुन्छ । शरीर संस्कारकै कारणले कर्ममा प्रवृत्त हुन्छ । त्यसपछि प्रारब्ध पनि बन्न सुरू हुन्छ । यसै अवस्थामा पिण्ड र ब्रह्माण्डको अनुभूतिहरू पनि शुरू हुन थाल्दछ ।

कर्मको अवधारणा वैदिक दर्शनको केन्द्रबिन्दु हो । भागवत गीताको तेस्रो अध्यायमा भगवान् श्रीकृष्णले कर्मयोगको व्याख्या गर्दै भन्नुहुन्छः "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" (गीता २.४७), अर्थात् तिमीलाई कर्म गर्ने अधिकार छ, तर फलको आशा गर्नु हुँदैन ।

कर्मलाई तीन प्रकारमा वर्गीकरण गरिएको छः सञ्चित कर्मः विगतका जन्महरूमा गरिएका कर्महरूको संचय, जसले वर्तमान जीवनलाई प्रभावित गर्छ । प्रारब्ध कर्मः यो जन्ममा भोग्नुपर्ने कर्महरू, जुन सञ्चित कर्मको एक हिस्सा हो । क्रियमान कर्मः वर्तमानमा गरिने कर्महरू, जसले भविष्यको गति निर्धारण गर्छ ।

कर्मको यो चक्र मानव शरीरलाई एक यन्त्रको रूपमा प्रयोग गर्छ, जहाँ आत्माले कर्महरूको सृजना र भोग गर्छ । आयुर्वेदले यो पनि बताउँछ कि कर्मले शरीरको दोष (वात, पित्त, र कफ) लाई प्रभावित गर्छ, जसले शारीरिक र मानसिक स्वास्थ्यमा असर पार्छ ।

मान्छेले त्यस बेलासम्म मात्र अनुभव गर्न सक्दछ या प्रयत्न गर्न सक्दछ जबसम्म शरीर हुन्छ । शरीर मानवद्वारा निर्मित पदार्थहरू भन्दा श्रेष्ठ हो । शरीर प्रकृतिद्वारा निर्मित पदार्थ र सबै पदार्थ भन्दा पनि ज्यादा उपयोगी छ । यही शरीरको माध्यमबाट संसारको अनुभूति हुन्छ । जब शरीर छैन भित्री र बाहिरी सारा संसार बेकार छ । त्यसैले शरीरको सदैव सुरक्षा गर्नु अति आवश्यक छ ।

जीवनलाई बुझ्नका लागि कर्मलाई बुझ्न अनिवार्य हुन्छ । कर्मले जीवनलाई दिशा दिन्छ र कर्मकै परिणाम स्वरूप मानिसले अनुभव, ज्ञान र चेतनाको विकास गर्दछ । मानव जीवन केवल श्वास-प्रश्वासको निरन्तरता मात्र होइन, यो कर्मको निरन्तर यात्रा हो । कर्म बिना जीवन अधुरो हुन्छ, किनभने शरीर, मन, बुद्धि र आत्मा सबै कर्ममार्फत सक्रिय हुन्छन् ।


सकारात्मक कर्मले आत्मालाई शुद्ध पार्छ र जीवनलाई प्रकाशमय बनाउँछ भने नकारात्मक कर्मले बन्धन सिर्जना गर्दछ र अज्ञानको अन्धकारमा डुबाउँछ । मानव जन्म नै कर्मको परिणाम हो र पुनर्जन्मको आधार पनि कर्म नै हो । कर्मले नै संस्कार दिन्छ र संस्कारले मानिसलाई उसको भविष्य निर्माण गर्दछ । त्यसैले प्रत्येक क्षणमा मानिसले आफ्नो सोच, वचन र आचरणलाई पवित्र राख्नुपर्छ ।

जीवनको सार कर्ममै निहित छ– कर्ममार्फत नै मानिस सच्चा अध्यात्म, धर्म र मोक्षसम्म पुग्छ । शरीरको क्षणभंगुरता र आत्माको अमरत्व बुझ्ने मानिसले कर्मलाई सजग भएर प्रयोग गर्छ । वैदिक ग्रन्थहरूले मानव शरीरलाई कर्मको क्षेत्र र आत्माको साधन मानेका छन् । पतञ्जलिको योगसूत्रमा उल्लेखित "क्लेश" (अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश)ले कर्मको उत्पत्तिलाई प्रभावित गर्छ । यी क्लेशहरूले मनलाई अस्थिर बनाउँछन् र नकारात्मक कर्महरूको सृजना गर्छन् । योग र ध्यानको अभ्यासले यी क्लेशहरूलाई हटाएर शुद्ध कर्मको मार्ग प्रशस्त गर्छ ।

आयुर्वेदमा पनि शरीर र कर्मको सम्बन्धलाई जोड दिइएको छ । चरक संहितामा भनिएको छ कि असन्तुलित कर्म (जस्तै, अस्वस्थ आहार, अनुचित जीवनशैली) ले शरीरमा रोग उत्पन्न गर्छ । त्यसैले, सात्विक जीवनशैली र कर्मले शरीर र मनलाई स्वस्थ राख्छ ।

मानव शरीर र कर्मको गूढ विज्ञानले वैदिक ग्रन्थहरूबाट प्रेरित जीवनशैलीको महत्त्व सिकाउँछ । ऋग्वेद, उपनिषद्हरू र भगवद्गीताजस्ता ग्रन्थहरूले हामीलाई कर्मलाई शुद्ध गर्दै शरीरलाई आत्मोन्नतिको साधन बनाउन प्रेरित गर्दछन् । यो विज्ञानले दुःखको कारण कर्ममा खोजेर मुक्तिको मार्ग देखाउँछ । आधुनिक विज्ञानले पनि यसलाई क्वान्टम फिजिक्स वा न्यूरोसाइन्ससँग तुलना गर्दछ, तर वैदिक दृष्टिकोण आध्यात्मिक गहनता प्रदान गर्दछ । यसलाई अपनाएर हामी सन्तुलित जीवन जिउन सक्छौं । ऋग्वेद, उपनिषद्, गीता, आयुर्वेद र योगसूत्रहरूले यो स्पष्ट गर्छन् कि शरीर र कर्म एकअर्कासँग गहिरोसँग जोडिएका छन् । सही कर्म, योग र ध्यानको अभ्यासले मानव जीवनलाई सन्तुलित र सार्थक बनाउँछ, जसले आत्मालाई मुक्तिको मार्गतर्फ डोर्याउँछ ।❖

–सेतोपुल, काठमाडौं



# अर्जुनको वध
## आफ्नै पुत्रबाट किन भयो ?

- प्रेममान डंगोल

अर्जुनको वध आफ्नै पुत्रबाट हुनुमा एउटा विशेष कारण थियो । अर्जुनको मृत्युमा देवी गंगा हाँस्नुमा मुख्य रूपमा भीष्म पितामहको वधको प्रतिशोधसँग सम्वन्धित छ । यसको मुख्य कारण देवी गंगाको पुत्रको वधको प्रतिशोध हो भनिन्छ ।

महाभारतको युद्धमा अर्जुनले शिखंडीलाई ढाल बनाएर आफ्नै पिता भीष्मको वध गरिदिएका थिए । भीष्म देवी गंगाका पुत्र थिए । भीष्मको यस्तो अन्यायपूर्ण मृत्युबाट गंगा अत्यन्तै आहत भइन, अति नै क्रोधित भइन ।

भीष्म अष्टवसुका अवतार थिए । उनको मृत्युपछि अन्य वसुहरूले देवी गंगाको सहमति पश्चात अर्जुनलाई श्राप दिए कि उसको वध पनि उसकै पुत्रको हातबाटै हुनेछ ।

बभ्रुवाहन द्वारा वध : जब अश्वमेघ यज्ञको समयमा अर्जुनलाई आफ्नै पुत्र बभ्रुवाहनसँग युद्ध गर्नु पर्‍यो । त्यस समयमा देवी गंगाले बभ्रुवाहनलाई भ्रमित पारिदिए र कामाख्या देवीको दिव्य वाण प्राप्त गर्नमा सहयोग गरिन् । जसको फलस्वरूप अर्जुनको आफ्नै पुत्रद्वारा मृत्यु भयो ।

कर्मको फल : जब युद्धमा मारिए तब उनकी आमा कुन्ति विलाप गर्न लागिन । गंगा उनलाई देखेर हाँस्न थालिन, किन भने अर्जुनलाई उसको कर्मको फल भीष्म हत्याको कारण मिलेको थियो । गंगाको प्रतिशोध पूरा भएको थियो । बभ्रुवाहन र अर्जुनको बीच युद्ध हुनुको मुख्य कारण अर्जुन र उसको पुत्र बभ्रुवाहनको बीचमा अश्वमेघ यज्ञको घोडा र क्षेत्रिय धर्मको प्रतिष्ठाको कुरा थियो । यसको पूरा कहानी यस्तो छ ।

यज्ञको घोडालाई रोक्नु : महाभारत युद्ध पश्चात युधिष्ठिरले अश्वमेघ यज्ञ गरे । नियम अनुसार यज्ञमा छोडेको घोडा जुन देशमा पुग्छ त्यहाँको राजाले या त पाण्डवको अधिनता स्वीकार्नु पर्थ्यो वा युद्ध गर्नु पर्थ्यो । जब घोडा मणिपुरमा पुग्यो त्यहाँका राजा बभ्रुवाहनले रोकी दिए ।

अर्जुनद्वारा चुनौती : बभ्रुवाहन आफ्ना पिता अर्जुनलाई धेरै नै सम्मान गर्थे र विनम्रतापूर्वक स्वागत गर्न आए । तर अर्जुनले यसलाई क्षत्रिय धर्मको विरूद्ध माने । अर्जुनले बभ्रुवाहनलाई झपारेर भने कि एक राजाको कर्तव्य युद्ध गर्नु हो नकि युद्ध नगरी हतियार भुईंमा राख्नु । अर्जुनले उसलाई कायरता छोडेर युद्ध गर्न चुनौती दिए ।


उलुपीको भूमिका: अर्जुनको दोस्रो पत्नी नागकन्या उलुपीले बभ्रुवाहनलाई युद्धको लागि उकसाइन । वास्तवमा उलुपीलाई थाहा थियो कि वसुहरूको श्राप जुन भीष्म वध कै कारण दिइएको थियो । त्यही श्रापको कारण अर्जुनलाई आफ्नै पुत्रद्वारा मारिनु आवश्यक थियो र उक्त पापबाट मुक्ति पाउनु थियो ।

भीषण युद्ध र वध : आफ्नी माता उलुपीकै आज्ञा अनुसार बभ्रुवाहनले अर्जुनसँग युद्ध गरे । युद्ध यति धेरै भीषण थियो कि बभ्रुवाहनले एक दिव्य वाणद्वारा अर्जुनको शिर शरीरबाट अलग पारिदिए । अन्तमा उलुपीले संजीवनी मणि (नागमणि) को सहायताले अर्जुनलाई पुनर्जीवित गरि दिइन् र पूरै रहस्यको खुलासा गरिदिइन् ।❖

नयाँ बजार, काठमाडौं


श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–



श्रीरामकृष्ण
आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मो. ९८६२५९६५७२


# आस्था, अतिक्रमण र बदलिँदो स्वरूपमा
# ब्रह्मनालः



–जलद बैद्य

हिन्दु सनातन संस्कृति र आध्यात्मिक दर्शनमा जीवन जतिकै महत्त्वपूर्ण मानिन्छ– मृत्यु र त्यसपछिको अन्तिम यात्रा । यही अन्तिम यात्राको एक पवित्र, संवेदनशील र दार्शनिक प्रतीक हो, 'ब्रह्मनाल' । शाब्दिक रूपमा ' ब्रह्म' (परमेश्वर) र 'नाल' (मार्ग वा नली) मिलेर बनेको ब्रह्मनालको अर्थ आत्मा र परमात्माको मिलन गराउने मोक्षको द्वार हो । नेपालको सन्दर्भमा पशुपतिनाथको बागमती किनारमा रहेको ढुङ्गाको विशिष्ट चपटी संरचनालाई ब्रह्मनाल भनिन्छ, जहाँ सदियौँदेखि मानिसहरूले आफ्नो जीवनको अन्तिम श्वास फेर्दै आएका छन् ।

पौराणिक मान्यता अनुसार, पशुपतिनाथको गर्भगृहबाट बगेर आउने पवित्र अर्घ्य जल सिधै ब्रह्मनालमा समाहित हुन्छ । ऐतिहासिक कालदेखि नै राजा–महाराजादेखि सर्वसाधारणसम्मले पशुपतिको यही ब्रह्मनालमा आफ्नो प्राण विसर्जन गर्ने इच्छा राख्नु यसको उच्च धार्मिक गरिमाको प्रमाण हो ।



**ब्रह्मनालको धार्मिक तथा आध्यात्मिक महत्त्व**

हिन्दु जीवन पद्धतिमा ब्रह्मनालको महत्त्व केवल एउटा भौतिक स्थानका रूपमा मात्र नभएर गम्भीर आध्यात्मिक चेतनासँग जोडिएको छः

मोक्ष र मुक्ति (फुत्कने अन्तिम कडी)ः वैदिक सनातन दर्शन अनुसार मानिस चौरासी लाख योनीको चक्रब्युहमा घुमिरहन्छ । ब्रह्मनाललाई त्यो चक्रबाट मुक्त भई सिधै मोक्ष (निर्वाण) प्राप्त गर्ने अन्तिम विन्दु मानिन्छ । काशीको मणिकर्णिका घाट र पशुपतिको ब्रह्मनालमा प्राण त्याग्दा स्वयं भगवान् शिवले जीवको कानमा 'तारक मन्त्र' फुकेर भवसागर पार गराउनुहुन्छ भन्ने अकाट्य धार्मिक विश्वास छ ।

आन्तरिक र बाह्य विज्ञानको मिलनः योग शास्त्र अनुसार शरीरमा भएका नाडीहरूमध्ये 'सुषुम्णा नाडी' (जसलाई ब्रह्मनाडी पनि भनिन्छ) को मार्ग हुँदै जब प्राण मस्तिष्कको माथिल्लो भाग (ब्रह्मरन्ध्र)बाट बाहिर निस्कन्छ, तब व्यक्ति बन्धनमुक्त हुन्छ । ब्रह्मनाललाई त्यही आन्तरिक आध्यात्मिक प्रक्रियाको बाह्य भौतिक प्रतीक मानिन्छ । पशुपतिनाथको पाउ धोएको जल (अर्घ्य जल) शरीरको अन्तिम अङ्ग अर्थात् गोडामा स्पर्श गराएर प्राण त्याग्नुलाई आत्मशुद्धिको सर्वोच्च शिखर मानिन्छ ।

वैराग्य र सत्यको बोधः ब्रह्मनालले मानिसलाई जीवनको अहंकार, मोह र रिसबाट मुक्त हुन सिकाउँछ । जतिसुकै धनी, शक्तिशाली वा प्रतिष्ठित व्यक्ति भए पनि अन्तिम समयमा त्यही एउटा चिसो ढुङ्गामा सुतेर रित्तो हात बिदा हुनुपर्छ भन्ने कटु सत्यको बोध गराउने यो एउटा महान् दार्शनिक पाठशाला पनि हो ।

**मरणशय्या कि शवशय्या?**

शास्त्र र परम्पराको कडीमा हेर्ने हो भने ब्रह्मनाल 'मरणशय्या' (प्राण त्याग गर्ने स्थान) हो, ' शवशय्या' (मृत शरीर राख्ने ठाउँ) होइन । यसको मूल विधि भनेको मानिसको शरीरमा प्राण रहुन्जेल, उसको अन्तिम घडीमा ब्रह्मनालको ढुङ्गामा सुताएर खुट्टाका औँलाहरू बागमतीको जलमा डुबाउनु हो । प्रकृतिको काखमा, कलकल बग्ने नदीको आवाज र भगवान्को नाम सुन्दै चेतनालाई परमात्मामा

विलीन गराउनु यसको परम्परागत मर्म हो ।

तर, वर्तमान समयमा यस परम्परामा एउटा ठूलो सांस्कृतिक विचलन आएको छ। आजभोलि ब्रह्मनालमा मानिसलाई जीवित अवस्थामा भन्दा पनि मृत्यु भइसकेपछि (शवलाई) राख्ने प्रचलन व्यापक बनेको छ । शास्त्रीय दृष्टिकोणले यो अभ्यास पूर्णतः गलत र अर्थहीन छ, किनकि प्राण गइसकेपछि शरीर केवल माटो बन्दछ ।

यस विचलनका पछाडि आधुनिक जीवनशैली र चिकित्सा प्रणालीको ठूलो हात छ । प्राचीन कालमा मानिसहरू घरमै बित्थे र अन्तिम अवस्था आकलन गरेर समयमै पशुपति ल्याउन सम्भव हुन्थ्यो । आज बहुसंख्यक मानिसको अन्तिम घडी अस्पतालको आइसियू (ICU) वा भेन्टिलेटरमा बित्छ । चिकित्सकले मृत घोषित गरेपछि मात्र परिवारले शवलाई पशुपति ल्याउँछन् । यस्तो अवस्थामा, आफ्ना प्रियजनलाई सिधै चितामा चढाउनुअघि पशुपतिनाथको पाउको जल स्पर्श गराइयोस् र गोडा धुन पाइयोस् भन्ने एउटा भावुक र भावनात्मक सन्तोषका लागि मात्र अहिले मृत्युपछि ब्रह्मनालमा राख्ने गरिएको देखिन्छ ।

## अतिक्रमण र चुनौतीहरू

यस सांस्कृतिक विचलनका अतिरिक्त ब्रह्मनालको भौतिक र वातावरणीय अस्तित्वमाथि पनि गम्भीर प्रश्नहरू उठेका छन् । पशुपति क्षेत्र विकास कोषले विभिन्न समयमा ल्याएका गुरूयोजनाहरूमा ब्रह्मनाल र आर्यघाटलाई हालको ऐतिहासिक स्थानबाट सारेर आधुनिक विद्युतीय शवदाह गृह नजिकै लैजाने प्रस्तावहरू गरिए, जसको संस्कृतिविद् र स्थानीय समुदायले तीव्र विरोध गरे । पशुपतिनाथको मूल मन्दिरको इन्जिनियरिङ र अर्घ्य जलको प्रवाहसँग जोडिएको यो प्राचीन संरचनालाई स्थानान्तरण गर्नु भनेको यसको ऐतिहासिकता र प्राण मास्नु सरह हो ।

यसका साथै बागमती नदीको बढ्दो प्रदूषण अर्को दु:खद पक्ष हो । ढल मिसावटका कारण मरणशय्यामा रहेका व्यक्तिको गोडा दूषित पानीमा डुबाउनुपर्ने स्थिति छ, जसले यसको पवित्रतालाई धमिल्याएको छ । आधुनिक युगमा बढेको भीडभाड, सामाजिक सञ्जाल र 'भ्लगिङ' संस्कृतिका कारण मृत्युको मुखमा पुगेको व्यक्तिको गोपनीयता र वैराग्यपूर्ण शान्ति भंग हुनु ब्रह्मनालको अर्को व्यावहारिक गलत प्रयोग हो ।

### पशुपतिनाथ मन्दिरमा सङ्कलित भेटिघाटी (२०८३ असार)

| मिति | रकम | मिति | रकम |
|---|---|---|---|
| ०२–०१ | ४४४६५८ | ०२–१७ | ३८१३०० |
| ०२–०२ | ३५९३५६ | ०२–१८ | ४३१७५० |
| ०२–०३ | ३५९८५० | ०२–१९ | ४२८०७० |
| ०२–०४ | ४१०५५७ | ०२–२० | ५५६१५६ |
| ०२–०५ | ४२४४८६ | ०२–२१ | ४४३७९५ |
| ०२–०६ | ३७९५७७ | ०२–२२ | ५८१०२८ |
| ०२–०७ | ५२५१५६ | ०२–२३ | ३५२९६० |
| ०२–०८ | ४०००९७ | ०२–२४ | ३७३४०० |
| ०२–०९ | ३२९६८८ | ०२–२५ | ५१०१०० |
| ०२–१० | ४०८१६० | ०२–२६ | ३७६५१४ |
| ०२–११ | ५२३८६३ | ०२–२७ | ४३९३५४ |
| ०२–१२ | ४१३८२६ | ०२–२८ | ३५३७०८ |
| ०२–१३ | ३९१०३६ | ०२–२९ | ३९५६४७ |
| ०२–१४ | ३७१४७० | ०२–३० | ३४४३५४ |
| ०२–१५ | ३५५८४० | ०२–३१ | ३८३९७० |
| ०२–१६ | ३९९७६० | | |
| यस महिनाको जम्मा | | | १२८४९४८६ |

*माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।*

*स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष*

## निष्कर्ष

ब्रह्मनाल केवल ढुङ्गाको एउटा टुक्रा वा घाटको एउटा कुना होइन; यो जीवनको अनित्यता, अद्वितीय धार्मिक गरिमा र मृत्युको शाश्वत सत्यलाई शान्तपूर्वक स्वीकार गर्ने हाम्रो मौलिक दर्शन हो । अस्पताल संस्कृतिका कारण मृत्युपछि ब्रह्मनालमा राख्नु आजको सामाजिक बाध्यता बने पनि यसको मौलिक र आध्यात्मिक मर्मलाई भुल्नु हुँदैन । ब्रह्मनालको प्राचीन इन्जिनियरिङ जोगाउनु, बागमतीको शुद्धता कायम राख्नु र यस क्षेत्रको आध्यात्मिक सान्दर्भिकतालाई पर्यटनको भीडभाडबाट मुक्त राख्नु नै यस अमूर्त सम्पदाप्रतिको सच्चा सम्मान हुनेछ ।❖

–दथुटोल, काठमाडौं

# अन्न (खाना) खेर फाल्नु घोर अपराध हो

-युवराज तिमल्सिना

अन्न हाम्रो जीवनको आधार हो । यसले शरीरलाई ऊर्जा प्रदान गर्ने मात्र होइन, यो जीवन धान्नको लागि सबैभन्दा महत्त्वपूर्ण माध्यम पनि हो । सत्य यो हो कि अन्न विना जीवनको कल्पना पनि गर्न असम्भव छ । वास्तवमा अन्न यो प्रकृति र ईश्वरको उपहार हो । किसानले दिनरात कडा परिश्रम गरेर धर्ती माताबाट अन्न उत्पादन गर्छ, त्यसैले प्रत्येक अन्नको दाना हाम्रो लागि अमूल्य छ । त्यसैले, भोजन गर्दा हामीले कृतज्ञताको भावना राख्नुपर्छ र भोजन खेर फाल्नबाट जोगिनुपर्छ । हामीले फ्याँकेको



भोजन, बाँकी रहेको भोजनले गरिब र दरिद्र व्यक्तिको भोक मेटाउन सक्छ, प्राणको रक्षा गर्नसक्छ । त्यसैले, भोजनको सम्मान गर्नु नैतिक कर्तव्य मात्र होइन, मानवताको संकेत पनि हो ।

भोजन नै जीवन हो, भोजन नै धन हो । हाम्रो सनातन संस्कृतिमा भोजनलाई ब्रह्म भनिन्छ । शास्त्रमा अन्नम ब्रह्मेति व्याजानात् भनिएको छ । अर्थात्, भोजन आफैंमा ईश्वरको एक रूप हो । हाम्रो परम्परामा भोजनलाई केवल पेट भर्ने साधन मात्र मानिएको छैन, बरू जीवनको आधार र भगवान्‌को प्रसाद मानिएको छ । यसैले भोजन सुरू गर्नुअघि अन्नदाता सुखी भव, अन्न दाताको जय होस् भन्दै  प्रकृति र ईश्वरप्रति कृतज्ञता व्यक्त गर्नुपर्दछ । सत्य यो हो कि आज हाम्रो समाजमा एउटा अनौठो विरोधाभास देखिन्छ । उदाहरणका लागि, एकातिर लाखौं मानिसहरू भोकमरी र कुपोषणसँग लड्दै गुजारा चलाउन संघर्ष गरिरहेका छन्, भने अर्कोतर्फ, भव्य शहरी कार्यक्रम, विवाह, जन्मदिन पार्टी, प्रसाद, भोज, भण्डाराको नाममा ठूलो मात्रामा भोजन खेर फालिन्छ । भोजन फोहोरमा फालिन्छन्, जबकि एउटा भोको मानिसको आँखाले त्यो फालिएको भोजनमा आफ्नो प्राण देखिरहेको हुन्छ । यो दृश्य सामाजिक असमानताको प्रतीक मात्र होइन, हाम्रो विशाल असंवेदनशीलताको दर्पण पनि हो ।

किसानले आफ्नो कडा परिश्रम, पसिना र आशाले पृथ्वीबाट अन्न उत्पादन गर्छ । प्रत्येक अन्नमा धेरै रातको निद्रा र वर्षौंको अनुभव हुन्छ । जब हामी सोचविचार नगरी हाम्रो प्लेटमा भोजनलाई बढि भएको रूपमा छोड्छौं वा कुनै पनि कार्यक्रममा प्लेटमा राखिएको भोजन फ्याँक्छौं, यो भोजनको बर्बादी मात्र होइन किसान र मजदुरप्रतिको अपमान पनि हो । भोजन तयार गर्ने व्यक्तिको लागि पनि एक प्रकारको अपमान हो, किनकि भोजन तयार गर्न पनि धेरै मेहनत चाहिन्छ । वास्तवमा भोजन खेर फाल्नु भोजनको ठूलो अपमान हो । प्रत्येक अन्नको दानाले प्रसाद सम्फेर भोजन गर्ने र खेरफाल्ने व्यक्तिलाई निगरानी गरिरहेको हुन्छ तिमीले आज मलाई फोहोरमा फाल्यौ एक दिन म तिमीलाई भोकै राख्नेछु भनेर श्राप दिइरहेको हुन्छ ।

दुःखको कुरा, आज पनि धेरै मानिसहरू रातमा पेट गाँठो पारेर भोक-भोकै सुत्ने गर्दछन । त्यसैले, हामीले भोजनको सम्मानको भावना विकास गर्नु आवश्यक छ । आजकल, विवाह, पार्टी, जन्मदिनको पार्टी र विभिन्न धार्मिक

कार्यक्रमहरूमा भोजन खेरफाल्ने प्रचलन बढी देखिन्छ भन्नु गलत हुनेछैन । नवधनाड्य मानिसहरूले समाजलाई देखाउन र आफू प्रतिष्ठित बन्नका लागि विवाह, व्रतवन्ध आदि कार्यक्रममा धेरै प्रकारका परिकारहरू तयार पार्छन्, तर धेरैजसो परिकारहरू नखाई वा नछोइकन फोहोर फ्याक्ने टोकरीमा जान्छन् । भोजन गर्नुभन्दा अगाडि थालीमा त्यति मात्र लिऔं, ताकि त्यो नालीमा नजाओस् भन्ने भावना, आज लगभग समाप्त भएको छ । भोजनको अनादर गर्नु भनेको भोक, तिर्खा, घाम, वर्षा, चिसो र गर्मी सहँदै प्रतिकूल परिस्थितिमा पनि अन्न उब्जाउने किसान र मजदुरको प्रत्यक्ष अपमान हो । यो खेतबाट अन्न घरमा ल्याउने मजदुरहरू र त्यसलाई स्वादिष्ट भोजनमा परिणत गर्ने भान्सेहरूप्रति पनि अनादर हो । हाम्रा शास्त्रहरूमा भनिएको छ– अन्नम् न निन्द्यात् तदव्रतम् यसको अर्थ भोजनको आलोचना र निन्दा गर्नु हुँदैन, यो व्रत हो, किनकि भोजन जीवनको आधार हो । यस दृष्टिकोणबाट हेर्दा, भोजन खेर फाल्नु केवल असंवेदनशीलता मात्र होइन, एक प्रकारको पाप हो । जब कोही भोकै सुत्छ र हामीले भोजन फ्याँक्छौं, यो हाम्रो आत्माको परीक्षा हो ।

खाद्य पदार्थलाई खेरजानबाट रोक्न हामीले गर्न सक्ने धेरै कुराहरू छन् । उदाहरणका लागि, हामीले जति चाहिन्छ त्यति मात्र भोजन गर्नुपर्छ । भोजन गर्दा आफ्नो भोक अनुसार पस्कनुहोस् । यसले भोजनको सुरक्षा मात्र गर्दैन, स्वास्थ्यको लागि पनि राम्रो हुन्छ । विभिन्न कार्यक्रमहरूमा हामीले भोजनको योजना बनाउनु आवश्यक हुन्छ । कुनै भोजको आयोजना गर्दा अनुमानित मानिसहरूको संख्या अनुसार भोजन तयार गर्नुपर्छ । यदि भोजन बाँकी रहेको अवस्थामा गरिब अथवा भोकमा परेकाहरूलाई दान गर्नुपर्छ । होटल, मन्दिर, विद्यालय र सामुदायिक भान्सामा वितरण गरेर बाँकी रहेको भोजन भोकको पीडामा रहेकाहरूलाई वितरण गर्ने प्रणाली सिर्जना गर्नुपर्छ । अन्न खेर फाल्ने संस्कृतिलाई रोक्नको लागि, बालबालिकाहरूमा स्कूल, कलेज र परिवारहरूमा अन्नको एक दाना पनि खेर फाल्नु हुँदैन भनेर पाठ सिकाउनुपर्छ । भोजनको महत्वको विषयमा हरेक कक्षाका पढाउने व्यवस्था गर्नु पर्दछ ।

हामीले बुझ्नुपर्छ कि, अन्न केवल एक पदार्थ मात्र होइन, एक भावना हो । यो पृथ्वीको गर्भबाट जन्मिएको हुन्छ । वर्षाद्वारा हुर्किएको हुन्छ । मानव श्रमद्वारा विकसित भएको हुन्छ । प्रत्येक थालमा किसानको कडा परिश्रम, प्रकृतिको अनुग्रह र भगवान्‌को कृपा समेटिएको हुन्छ । जब हामी भोजन गर्छौं हामीमा त्यसप्रति कृतज्ञताको भावना हुनुपर्छ । भोजन खेर फाल्नु कुनै एक व्यक्तिको लागि होइन तर सम्पूर्ण समाजको लागि क्षति हो । भोजनलाई देवता मान्ने संस्कृतिमा भोजन खेरफाल्नेहरूको लागि कुनै ठाउँ हुन सक्दैन । भोजनको सम्मान गर्नु हाम्रो पहिलो र नैतिक कर्तव्य हुनुपर्छ । आजैबाट हामी सबैले यो प्रतिज्ञा



गरौं कि अबदेखि हामी एउटा गेडा, सिता, गाँस पनि खेर जान दिने छैनौं । किनभने– जसले भोजनको सम्मान गर्छ, उसले जीवनको सम्मान गर्छ ।

हाम्रो दैनिक जीवन, स्वास्थ्य र सिंगो मानव सभ्यताको लागि अन्नको महत्त्व अतुलनीय छ । अन्न विना मानिसको अस्तित्व सम्भव छैन । यसका मुख्य फाइदा र महत्त्वलाई बुँदागत रूपमा यसरी विभाजन गर्न सकिन्छः

–शारीरिक ऊर्जाको प्रमुख स्रोतः अन्नबाट हामीले कार्बोहाइड्रेट प्राप्त गर्छौं, जसले शरीरलाई दैनिक काम गर्न आवश्यक पर्ने सम्पूर्ण शक्ति प्रदान गर्छ ।

–स्वास्थ्य र पोषणः धान, गहुँ, मकै, कोदो र फापर जस्ता अन्नहरू भिटामिन, खनिज र फाइबरका प्रमुख स्रोत

हुन् । यसले शरीरको रोग प्रतिरोधी क्षमता बढाउन मद्दत गर्छ । सन्तुलित र पौष्टिक आहारले शारीरिक विकासका साथै मानसिक तथा बौद्धिक विकासमा समेत प्रत्यक्ष तथा सकारात्मक प्रभाव पार्छ ।

नेपाली समाजमा अन्नलाई अन्नपूर्णा देवी अर्थात् माता पार्वतीको रूप मानिन्छ । अन्न भोजन गर्नु अघि केही अंश पृथ्वी मातालाई, अर्थात् अन्नपूर्ण मातालाई चढाउने जस्ता हाम्रा मौलिक सांस्कृतिक परम्पराहरू छन् जसले अन्नको आदर गर्न सिकाउँछन् । मानिसले जब अन्न फलाउन सुरू गर्‍यो, त्यसपछि नै घुमन्ते जीवनबाट स्थायी बसोबासको सुरूवात भयो र मानव सभ्यताको विकास भयो । सबै प्राणीहरू अन्नबाटै उत्पन्न हुन्छन् । जन्मिएपछि अन्नकै सहाराले जीवित रहन्छन् । अन्त्यमा मृत्युपश्चात अन्नमै विलीन हुन्छन् । त्यसैले अन्न नै प्राण हो । व्यवहारमा पनि अन्नपानीको शरीर भन्ने गरिन्छ । यो शरीर रहुन्जेल कसैलाई पनि अन्न र पानीबाट विमुख गराउन हुन्न । अन्नदान र जल दान गर्नुमा ठूलो धर्म लुकेको छ ।

"अन्नं ब्रह्मा रसो विष्णुः भोक्ता देवो महेश्वरः।
एवं ज्ञात्वा तु यो भुङ्क्ते अन्नदोषो न लिप्यते ॥"

शास्त्रमा अन्नलाई ब्रह्मा भनिन्छ । अन्नबाट जो रस निस्कन्छ उसलाई विष्णु भनिन्छ । पाकेको अन्नलाई महेश्वर भनिन्छ । यही कुरा बुझेर जसले अन्नलाई प्रसाद सम्झेर भोजन गर्दछ उसलाई अन्न खाएको दोष लाग्दैन उसले कहिल्यै भोको बस्नु पर्दैन । कहिल्यै कसैसँग हात थापेर अर्थात मागेर खानु पर्दैन । हाम्रो संस्कृतिमा अन्न फ्याँक्यो भने अन्नले सराप्छ भन्ने भनाइ पनि छ । तसर्थ, अन्नको महत्त्व बुझेर यसको सदुपयोग गर्नुपर्दछ । अन्न खेर नफाल्नु र किसानको सम्मान गर्नु हाम्रो कर्तव्य पनि हो । आजैदेखि अन्नको महत्त्व बुझेर अन्नको आदर गर्न सिकौं सकेसम्म भोजनको सीमित मात्रामा उपभोग गरौँ । थोरै खाउँ- धेरै बाँचौ, धेरै खाउँ - अल्पायुमै मरौँ ।❖

–महासचिव, आरती भोग परिवार

# हार्दिक आभार !

आरती भोज परिवारद्वारा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा बिरामीका कुरुवाहरूका लागि निःशुल्क भोजन वितरण गर्ने यो पुण्यकार्य विगतदेखि निरन्तर रूपमा सञ्चालन हुँदै आइरहेको छ । हजुरहरू सबैको अपार सहयोग, श्रद्धा र सेवा भावका कारण यो सत्कर्म सहज रूपमा अगाडि बढिरहेको छ । यस कार्यलाई हामीले मानव सेवामै परमात्मा सेवा देख्ने भावनासहित अघि बढाएका छौं ।

"सेवा नै धर्म हो" भन्ने पवित्र मान्यतालाई आत्मसात गर्दै, हामीले प्रत्येक दिन वितरण गर्ने भोजनलाई प्रसादको रूपमा समर्पण गर्ने प्रयास गरेका छौं । यस पुण्य कार्यमा कुनै कमी कमजोरी, त्रुटि वा गुनासो भएमा कृपया हामीलाई अवगत गराइदिनुहुन विनम्र अनुरोध गर्दछौं, ताकि हामी हाम्रो सेवामा अझ शुद्धता, समर्पण र उत्कृष्टता ल्याउन सकौं ।

हजुरहरूको माया, आशीर्वाद र सहयोगले यो धर्मकार्य अझ विस्तार हुँदै जाओस् भन्ने कामना गर्दछौं ।

'अन्नदान नै भगवान्को परम सेवा हो' ! "जय सेवा जय मानवता" । "जय आरति भोग परिवार" ॥

**अध्यक्ष,**
**डा. बिनुबाबा अर्याल**
**आरती भोग परिवार**

# गतिविधि

## सनातन सम्मेलन हुने

कोशी प्रदेशको राजधानी विराटनगरमा सनातन सम्मेलन हुने भएको छ । जुना अखडाका परमपुज्य आचार्य महामण्डलेश्वर अवधेशानन्द गिरि, किरात धर्मगुरू आत्मानन्द लिङ्देल तथा अन्तराष्ट्रिय बौद्ध महासंघ नेपाल च्याप्टरका अध्यक्ष फुपु छेम्वे शेर्पाको विशेष उपस्थितिमा यही असार ६ गते हुने उक्त सम्मेलन जिल्ला प्रहरीसँगैको खेल मैदानमा हुने जनाइएको छ ।

## वागेश्वरीमा जारी कोटिहवन १३ गते समापन हुने

चितवनको भरतपुर नगरपालिका– १ वागीश्वर ी(देवघाट)मा गत वैशाख शुक्ल पूर्णिमाबाट सञ्चालित 'श्रीशिवगोरक्ष योगीनरहरिनाथ– साङ्ग कोटिहोम महायज्ञ– २०८३' को यही ज्येष्ठ शुक्ल पूर्णिमा (असार १३) पूर्णाहुति गरिने भएको छ । सो कोटिहवन एक महिनासम्म सञ्चालन गरिने भनिए पनि बीचमा पुरूषोत्तम मास परेकोले थप एक महिना लम्बिएको हो ।

## श्रीमद्भागवत महायज्ञ हुने

असहाय, विपन्न तथा पीडित समुदायका लागि सहयोग कोष संकलन गर्ने उद्देश्यले यही असार ८ देखि १६ गतेसम्म श्रीमद्भागवत् सप्ताह ज्ञानमहायज्ञ सञ्चालन गरिने भएको छ । लायन्स क्लव अफ काठमाडौं परोपकारको आयोजना एवम् परोपकार जीवनदर्शन फाउण्डेसनको सहआयोजना रहेको सो सप्ताह ज्ञान महायज्ञको सहजकर्ता संस्था मानव कल्याण समाज र प्रमुख वाचिकाको रूपमा सुमी मानव रहनुभएको छ । पशुपति वनकालीस्थित सुमार्गी भवनमा आयोजना गरिने सो श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा कथा प्रवचन सहित सङ्गीतमय भजन कीर्तन, विभिन्न देवलीला प्रदर्शन, दानवीर, प्रमुख अतिथि तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूको मन्तव्य तथा सम्मान सहित विविध कार्यक्रमहरू हुने आयोजक समितिले जनाएको छ । समाजमा नैतिक चेतना, सकारात्मक सोच, सद्भाव र एकताको सन्देश फैलाउन भागवत कथाको आयोजना गर्न लागिएको सो कार्यक्रमका संकल्पकर्ता लायन पार्वती खरेल पाण्डे बताउनु हुन्छ । सो अवसरमा दैनिक निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

## पुरूषोत्तम मास महामहोत्सव सम्पन्न

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका– १, सल्यानटार फेदीमा जेठ १ गतेबाट शुरू भएको पुरूषोत्तम मास महामहोत्सव जेठ ३१ गते समापन भएको छ । बुढीगण्डकी र नेत्रावती नदीको संगममा पर्ने उक्त धाममा यस अवधिमा झण्डै ३० लाख भक्तजनहरूले भ्रमण एवम् दर्शन गरेको आयोजक समितिले जनाएको छ । श्रीनृसिंहधाम पुरूषोत्तम महामहोत्सव 'इतिहासकै ठूलो कार्यक्रम' भन्दै विभिन्न समाचार माध्यम र सामाजिक सञ्जालमा व्यापक प्रचारप्रसारका कारण भक्तजनहरूको उल्लेख्य सहभागिता भएको आयोजक समितिको दावी छ । मेलाको मुख्य आकर्षण नदी संगममा स्नान, यज्ञ र श्रीरामचरितमानसमा आधारित कथावाचनका साथै नृसिंह भगवान्को दर्शन आदि थियो भने महोत्सवमा उपस्थित भक्तजनहरूका निम्ति महिनाभर निःशुल्क भोजन भण्डाराको समेत व्यवस्था गरिएको थियो ।

पुरूषोत्तम मास महामहोत्सवमा सभामुख डोलप्रसाद अर्याल, नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देल लगायत विभिन्न राजनीतिक दलका नेताहरूले समेत भ्रमण गर्नुभएको थियो ।

पुरूषोत्तम महामहोत्सव आरम्भ भएको पहिलो शनिवार जेठ ९ गते अत्याधिक रुपमा भक्तजनहरू आएका कारण सो दिन ट्राफिक व्यवस्थापन, खानेपानी, भोजन प्रसादी आदिको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको थियो भने त्यसपछिका दिनहरूमा सबै व्यवस्थापन चुस्त एवम् दुरूस्त बनाइएको कारण अन्य दिनहरूमा कुनै गुनासो नआएको मन्दिरका संरक्षक श्रीवास कृष्णदास ब्रह्मचारीले बनाउनुभयो । उहाँका अनुसार मेला अवधिमा कुनै दिन तीन लाखसम्म भक्तजनहरूले समेत सहजरूपमा धामको दर्शन भ्रमण गर्नुभएको छ । मेला प्रवेश गर्ने गाडीहरूको गणनाको आधारमा, पार्किङ स्थलको व्यस्तताको आधारमा भक्तजनको उपस्थितिलाई अनुमान लगाइएको उहाँको भनाइ थियो ।

यसैबीच नेपाली काङ्ग्रेसकी सांसद सीता थपलियाले बुढीगण्डकी जलविद्युत आयोजना निर्माणसँगै उक्त धामको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि विशेष



योजना ल्याउन सरकारसँग माग गर्नुभएको छ । गत जेठ २९ गते प्रतिनिधि सभाको बैठकमा धारणा राख्दै 'अन्डर वाटर टेम्पल' अवधारणा अन्तरगत संरक्षण तथा विकास गरेर राष्ट्रिय र अन्तराष्ट्रिय धार्मिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको भन्दै उहाँले त्यसका लागि विशेष योजना ल्याउन माग गर्नुभएको हो । सो अवसरमा उहाँले उक्त धाममा नेपालकै एकमात्र सामवेदीय समावेशी गुरूकुल सञ्चालनमा रहेको उल्लेख गर्दै वैदिक शिक्षा, संस्कृत भाषा तथा सनातन संस्कृतिको संरक्षण र प्रवर्द्धनमा गुरूकुलले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको समेत जानकारी दिनुभयो । ❖


अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोन: ०१-४०२२५४४

# योग : स्वस्थ जीवनको आधार !

- ❖ तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- ❖ योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- ❖ शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- ❖ दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- ❖ स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- ❖ योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- ❖ सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- ❖ स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

**नेपाल सरकार**

**विज्ञापन वोर्ड**